का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ चैत २०८२
सोमबार
23 March 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २४, अंक ६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## मन्त्री टुंग्याउँदै रवि–बालेन

### गृहमा दुवै पक्षको दाबी

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ८ चैत

नयाँ जनादेशअनुसार १३ चैतमा एकल बहुमतको सरकार बनाउने तयारीमा जुटेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मन्त्रीहरूको नाम भने टुंगो लगाउन सकेको छैन । सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'का छुट्टाछुट्टै टिमले मन्त्रिपरिषद्को गृहकार्य गरिरहेका छन् ।

वरिष्ठ नेता बालेन रामनवमीको अवसर पारेर प्रधानमन्त्रीको शपथ लिने तयारीमा छन् । सोही दिन एकैसाथ सबै मन्त्रीलाई पनि शपथ गराउन शीर्ष तहमा छलफल चलिरहेको रहेको सांसद गणेश पराजुलीले बताए । उनले मध्यान्हसँग भने, 'शीर्ष नेताहरूबीच औपचारिक/अनौपचारिक छलफल भइरहेको छ । प्रधानमन्त्रीको शपथसँगै मन्त्रीहरूले पनि शपथ लिने तयारी छ ।' जनताले रास्वपालाई जसरी विश्वास गरेर मत दिए, जनमतको कदर गर्दै नागरिकको अपेक्षा पूरा हुनेगरी सरकार बनाउने गृहकार्य भइरहेको पराजुली बताउँछन् ।

प्रतिनिधिसभामा १८२ सिटसहित पहिलो दल बनेको रास्वपामा मन्त्रीका आकांक्षीको संख्या धेरै छ । नयाँ सरकारले मन्त्रालय घटाएर राज्यको खर्चभार घटाउने चुनावी वाचापत्रमै उल्लेख गरेको छ । सोहीअनुसार बढीमा १८ वटा मन्त्रालय बनाउने र विषयगत क्षमताका आधारमा सांसदहरूलाई पृष्ठ २ मा



शीर्ष नेताहरूबीच औपचारिक/अनौपचारिक छलफल भइरहेको छ । प्रधानमन्त्रीको शपथसँगै मन्त्रीहरूले पनि शपथ लिने तयारी छ ।

● **गणेश पराजुली**
सांसद, रास्वपा

## राजनीतिक नियुक्तिमा रास्वपाको नजर

### विज्ञको चेतावनी – सबैलाई एउटै डालोमा हाल्दा अप्ठ्यारो पर्ला

नयाँ सरकार नबन्दै रास्वपाका नेताहरूले पूर्ववर्ती सरकारबाट नियुक्ति लिएकाहरूलाई राजीनामा दिन सुझाएका छन् । अन्यथा हटाइने उनीहरूको चेतावनी छ । विज्ञ र सरोकारवालाहरूले भने सबैलाई एउटै डालोमा हाल्दा अप्ठ्यारो पर्न सक्ने सुझाएका छन् ।

रूपेश आचार्य/मध्यान्ह
काठमाडौं, ८ चैत

सत्तारोहणको पूर्वसन्ध्यामा राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले अघिल्ला सरकारबाट राजनीतिक नियुक्ति पाएकाहरूलाई तत्काल छाडिदिन आग्रह गर्न थालेपछि राजनीतिक र प्रशासनिक वृत्तमा अर्को तरंग फैलिएको छ ।

पार्टीबाट आधिकारिक निर्णय नआए पनि प्रधानमन्त्री प्रस्तावित वरिष्ठ नेता बालेन र पार्टीका अन्य केही नेताहरूले राजनीतिक नियुक्ति लिएकाहरूलाई राजीनामाको दबाब दिन थालेका छन् । मध्यान्हसँग आइतबार कुरा गर्दै रास्वपा महामन्त्री कवीन्द्र बुर्लाकोटीले पार्टीले यसबारे औपचारिक निर्णय भने गरिनसकेको बताए ।

'तर नयाँ सरकारलाई सहजै काम गर्न दिनका लागि पुरानो सरकारबाट राजनीतिक नियुक्ति पाएकाहरूले स्वतस्फूर्त मार्गप्रशस्त गर्नुपर्छ । यो कुरा विश्वव्यापी मूल्य र मान्यता अन्तर्गत पर्छ,' उनको भनाइ थियो । त्यस्तो संख्या झन्डै एक हजार रहेको बताइन्छ ।

अघिल्ला सरकारहरूले कतिपय त्यस्ता नियुक्ति पहुँच र निकटताका भरमा गरेको पनि उनले बताए । त्यसरी नियुक्ति पाउनेको योग्यता र कार्यक्षमतामाथि बारम्बार प्रश्न उठ्ने गरेको दाबी पनि महामन्त्री बुर्लाकोटीको थियो । 'कार्यक्षमतामा प्रश्न उठेको पाइए अब आउने सरकारले हटाउँछ र हटाउने निर्णयको प्रतिरक्षासमेत गर्छ,' उनले भने ।


राजनीतिक नियुक्ति पाएकाहरूले नैतिक हिसाबले आफैं छाड्नेमा पार्टी विश्वस्त रहेको र सरकारले नै हटाउनुपर्ने अवस्था नआउने उनी बताउँछन् ।

सरकारले विभिन्न निकायमा गर्ने राजनीतिक नियुक्ति यसअघि समेत विवादका विषय बन्ने गरेका थिए । अघिल्लो सरकारले गरेका नियुक्ति पछिल्लो सरकारले पृष्ठ २ मा



नयाँ सरकारलाई सहजै काम गर्न दिनका लागि पुरानो सरकारबाट राजनीतिक नियुक्ति पाएकाहरूले स्वतस्फूर्त मार्गप्रशस्त गर्नुपर्छ ।

● **कवीन्द्र बुर्लाकोटी**
महामन्त्री, रास्वपा



नियुक्तिहरू खुला प्रतिस्पर्धाबाट गर्न विमल वाग्लेको अध्यक्षतामा सरकारको नियन्त्रण र प्रभावमा नरहने लोकसेवाजस्तै आयोग बनाएका थियौं । त्यसलाई लत्याइयो ।

● **लीलामणि पौड्याल**
पूर्वमुख्यसचिव




## संघीय संसद्मा पहिलो बादी माननीय

दलितलाई सधैं भोट बैंक बनाइन्छ, तर निर्णय गर्ने ठाउँमा पुग्न दिइँदैन ।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ८ चैत

कुरा २०७९को चुनावताकाको हो । निर्वाचन अभियानका क्रममा तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सुर्खेत पुगेका थिए । झन्डै एक दशकदेखि सामाजिक क्षेत्रमा सक्रिय सीता बादीको 'प्रचण्ड'सँग भेट भयो । भेटमा प्रचण्डले सीताको सामाजिक सक्रियताबारे चासो राखे । उनकाबारे थाहा पाएपछि प्रचण्डले राजनीतिमा आउन सल्लाह दिए । 'तपाईंजत्तिको मान्छे राजनीतिमा आउनुपर्छ, आवाज उठाउनुपर्छ' प्रचण्डले भनेको यो वाक्यले सीताको मनमा झन् उत्साह थपियो । देशका लागि केही गर्ने हुटहुटी बोकेकी सीता सामाजिक क्षेत्रमा क्रियाशील भइरहिन् ।

१२ वर्षको उमेरमा एउटा संस्थाले दिएको अवसरको जगमा उनले राजनीति शास्त्रमा स्नातकोत्तर गरेकी छिन् । एक दशकभन्दा बढी समय उनले बादी समुदायको पीडामा मल्हम बनेर प्रत्यक्ष रूपमा काम गरिन् । 'सुन्दर सहज नेपाल' नामक संस्था स्थापना गरी बाल संरक्षण, शिक्षा र महिला आर्थिक सशक्तीकरणका क्षेत्रमा पहल गरिन् । नागरिक शिक्षा र अधिकार सचेतनामार्फत सयौं परिवारलाई उत्प्रेरित गरिन् । 'बादी सस्टेन कम्पनी' स्थापना गरेर आर्थिक रूपमा पछाडि पारिएका समुदायका लागि दिगो जीविकोपार्जनको बाटो खोल्ने प्रयास गरिन् ।

तर, देशका प्रमुख राजनीतिक दलको नजरमा उनी परिनन् । नाता र दाताको प्रभावमा परेका दलहरूको रोजाइमा पर्न नसक्दा सीता मात्र होइन बादी समुदायका कसैले पनि संसद् भवन छिर्ने अवसर पाएनन् । 'प्रचण्डले मलाई राजनीतिमा आउनुपर्छ भनेर प्रेरित गर्नुभयो, तर, टिकट दिनेबेला उहाँले सम्झिनुभएन,' त्यसवेलाको स्मृति ताजा बनाउँदै सीता भन्छिन्, 'त्यसपछि उहाँसँग मेरो सम्पर्क भएन ।'

उनले राम्रोसँग बुझिसकेकी थिइन्- दलित महिला र वञ्चित समुदायले भोग्ने समस्या केवल सामाजिक होइन । 'हामीलाई सधैं भोट बैंक बनाइन्छ, तर निर्णय गर्ने ठाउँमा पुग्न दिइँदैन ।'

सीताले भित्रभित्रै २०८४को निर्वाचन लड्ने तयारी गरिरहेकी थिइन् । 'रास्वपा टिमसँग २०७९कै निर्वाचनदेखि नजिक थिएँ,' उनले भनिन्, 'जेनजी आन्दोलनले ८४मा हुने निर्वाचन ८२ मै भयो, परिवर्तन लिएर आएको पार्टीले अवसर दियो ।'

२०८२को निर्वाचनबाट बल्ल बादी समुदायले आफ्नो प्रतिनिधि सांसद पाएको छ । नेपालको इतिहासमा पहिलोपटक पृष्ठ २ मा

## सवारीमा जोर–बिजोर लागू गर्ने गृहकार्य

मध्यान्ह संवाददाता
काठमाडौं, ८ चैत

सवारीसाधनमा जोर-बिजोर प्रणाली लागू गर्ने अनौपचारिक छलफल भएको छ ।

पेट्रोलियम पदार्थको खपत कम गर्ने उपायका सन्दर्भमा यातायात व्यवस्था विभाग र नेपाल आयल निगम आन्तरिक छलफलमा छन् । आन्तरिक छलफलकै क्रममा सवारीमा जोर-बिजोर प्रणाली लागू गर्न सकिने विषय उठेको छ । तर, यो विषयमा ठोस निर्णय नभएको सरकारी अधिकारीहरूले बताएका छन् ।

पश्चिम एसियामा जारी द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य समेत अकासिँदै गएको छ । यसको प्रभाव नेपालमा पनि देखिन थालेको छ ।

आयातमा निर्भर मुलुक भएकाले मूल्यवृद्धिको प्रत्यक्ष असर अर्थतन्त्र र उपभोक्तामा पर्नु स्वाभाविक हो । यही सन्दर्भमा नेपाल आयल निगमले बढ्दो घाटा व्यवस्थापन पृष्ठ २ मा

### आँखीझ्याल



**गगनको राजीनामा पार्टीबाट अस्वीकृत**
विस्तृत पृष्ठ ३ मा




**फेक रेस्क्यु प्रकरण ३२ विरुद्ध मुद्दा दायर**
विस्तृत पृष्ठ २ मा



**पूर्वपर्यटन सचिवसहित २१ विरुद्ध भ्रष्टाचार मुद्दा**
विस्तृत पृष्ठ ८ मा

**बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं।**

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

**वैदेशिक रोजगार विशेष**

## खाडी तथा मध्यपूर्वका नेपालीको रोजगारी गुम्दै

मध्यान्ह संवाददाता
काठमाडौं, ८ चैत

अमेरिका-इजरायल र इरान युद्धले दीर्घकालीन नकारात्मक परिणाम निम्त्याउने खतरा बढेको छ । त्यस क्षेत्रमा बढ्दो द्वन्द्वले ठूलो संख्यामा रहेका नेपालीको रोजगारी गुम्ने जोखिम बढेको हो ।

इरानविरुद्ध अमेरिका-इजरायल युद्ध सुरु भएको आइतबार चौथो हप्तामा प्रवेश गरेको छ । पछिल्लो समय इरानले लामो दूरीका क्षेप्यास्त्र तथा ब्यालेस्टिक मिसाइल आक्रमण जारी राखेका कारण अवस्था गम्भीर बन्दै गएको छ ।

गैरआवासीय नेपाली संघ एनआरएनएका मध्यपूर्व संयोजक रमेश श्रेष्ठले खाडी तथा मध्यपूर्वका कतिपय देशले नेपाली कामदारलाई बेतलबी बिदामा राख्न सुरु गरिसकेको बताएका छन् ।

युद्ध अन्त्य नहुने खतरा देखिएपछि युएई र कतार जस्ता देशहरूमा पर्यटक आउन पृष्ठ २ मा

### विदेश पठाउने भन्दै ठग्ने ५ जना पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा-५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं कीर्तिपुर नगरपालिका-७ बस्ने बर्दिया घर भएका ३६ वर्षीय अर्जुनबहादुर पौडेल, ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने सर्लाही घर भएका ४६ वर्षीय डिल्लीराम भुजेल, काठमाडौं महानगरपालिका-१६ बस्ने ४३ वर्षीया उमा गुरुङ, ललितपुर पृष्ठ २ मा

## ओमप्रकाशको संसद् यात्रा होल्ड

गृहमन्त्री ओमप्रकाश अर्याल आफैं सहभागी मन्त्रिपरिषद् बैठकको निर्णयमार्फत राष्ट्रिय सभा सदस्य हुन खोजेका छन् । तर, राष्ट्रपतिले सिफारिस सदर नगरिदिँदा उनको संसद् यात्रा 'होल्ड' हुन पुगेको छ ।



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ८ फागुन

राष्ट्रिय सभा सदस्यको पदमा ओमप्रकाश अर्याललाई नियुक्त गर्न सरकारले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको एक साता बित्यो । तर उक्त सिफारिस अनुमोदन भएको छैन ।

अर्याल बहालवाला गृहमन्त्री हुन् । १ चैतमा बसेको मन्त्रिपरिषद्को बैठकले उनै अर्याललाई राष्ट्रिय सभा सदस्यमा नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । यो निर्णयबारे गृहमन्त्री अर्याल स्वयंले सञ्चारकर्मीहरूलाई जानकारी गराएका थिए । तर, एक साता बित्दासमेत राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को सिफारिस सदर गरेका छैनन् ।

राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनीत हुने एक सदस्यको पद रिक्त छ । उक्त पदमा अर्याललाई नियुक्त गर्न मन्त्रिपरिषद्ले गरेको सिफारिस राष्ट्रपति पौडेलले 'होल्ड' गरेका हुन् ।

यो विषयमा राष्ट्रपति कार्यालयका अधिकारीहरू औपचारिक प्रतिक्रिया दिनसमेत तयार छैनन् । मन्त्रिपरिषद्को सिफारिस कर्मचारी तहबाटै अघि नबढेको अनौपचारिक जवाफ दिन्छन् ।

५९ सदस्यीय राष्ट्रिय सभामा तीनजना मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्छन् । पृष्ठ २ मा

# फेक रेस्क्यु प्रकरण
# ३२ जनाविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस-** पर्यटकको नक्कली उद्धार उडान 'फेक रेस्क्यु' घटनामा ३३ जनाविरुद्ध मुद्दा दायर भएको छ। उनीहरुविरुद्ध राज्यविरुद्धको कसुर र संगठित अपराधमा मुद्दा दर्ता भएको हो।

जिल्ला अदालत, काठमाडौंमा २४ जनालाई फरार अभियुक्त बनाउँदै जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा दायर गरिएको जनाइएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले गरेको अनुसन्धानका मुद्दा दर्ता भएको सरकारी वकिल कार्यालयले जनाएको छ।

यो घटनामा ९४ करोड ८४ लाख ९७ हजार ३ सय ९७ हजार नेपाली रुपैयाँ बिगो मागदाबी गर्दै रायसहितको प्रतिवेदन बुझाएको थियो। विदेशी नागरिकको समेत जाहेरी लिएको प्रहरीले २९ लाख ९८ हजार ८ सय २३ अमेरिकी डलर र १४ हजार ५ सय युरो पनि छुट्टै बिगो दाबी गरेको छ।




ट्रेकिङ कम्पनी, रेस्क्यु कम्पनी, अस्पताल, हेलिकोप्टर कम्पनी, बिमा कम्पनीका स्थानीय एजेन्ट र गाइडको मिलेमतोमा यो अपराध हुँदै आएको अनुसन्धानबाट देखिएको थियो।

# तेल अविवमा लगातार मिसाइल आक्रमण

**काठमाडौं/मस-** इजरायलमा इरानबाट क्षेप्यास्त्र तथा ब्यालेस्टिक मिसाइल आक्रमणका कारण अत्यन्तै त्रास बढेको त्यहाँ कार्यरत नेपालीहरूले बताएका छन्। इरानले ४ हजार किलोमिटरसम्म प्रहार गर्ने क्षेप्यात्र हानेपछि नेपालीहरू त्रसित देखिएका छन्।

एनआरएनए आइसिसी सदस्य अलि महम्मद मियाँले दक्षिणी सहर अराद, उत्तरी क्षेत्र दिमोना तथा राजधानी क्षेत्र तेल अविवमा लगातार मिसाइल आक्रमण भएको बताए। इजरायलको मिसाइल प्रतिरक्षा प्रणाली पहिलेको तुलनामा कमजोर देखिएको विश्लेषण गरिएको उनले बताएका छन्। आइतबार बिहान मात्रै पनि तेल अविव क्षेत्रमा पटक-पटक आक्रमण भएको थियो। वृद्ध तथा अशक्त व्यक्तिको हेरचाह गर्ने काममा रहेका नेपालीहरूलाई साइरन बजेपछि आफ्नो जिम्मामा रहेका व्यक्तिलाई लिएर सेल्टरमा जान समस्या हुने गरेको छ। इजरायलमा साइरन बज्नुअघि करिब १० मिनेटअघि चेतावनी सन्देश आउने र त्यसपछि एक मिनेटभित्र नजिकको बंकरमा पुग्नुपर्ने व्यवस्था रहेको छ। लगातार क्षेप्यास्त्र आइरहे पनि हालसम्म नेपालीहरू सुरक्षित रहेका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए) इजरायलले समस्यामा परेका नेपालीहरूलाई सम्पर्कमा रहन आग्रह गरेको छ। यता कुवेतको हवाई क्षेत्र बन्द भएपछि कुवेतस्थित नेपाली राजदूतावासले ट्रान्जिटमा रोकिएका ३३ जना नेपालीलाई साउदी अरेबिया पठाएको छ। कुवेतस्थित नेपाली राजदूतावासले युद्धका उडान अवरुद्ध हुँदा कुवेत हुँदै विभिन्न देश जाने क्रममा अलपत्र परेका नेपालीहरूलाई साउदीस्थित नेपाली दूतावाससँग समन्वय गरी पठाएको बताएको छ। यसअघि कुवेत ट्रान्जिटमा फसेका ६९ जना नेपालीलाई रियादस्थित नेपाली दूतावाससँगको सहकार्यमा स्थलमार्ग हुँदै साउदी पठाइएको थियो। कुवेत र कतारको हवाई सेवा बन्द भएपछि ट्रान्जिटमा रोकिएका नेपालीहरूलाई स्थलमार्गबाट साउदी पुऱ्याएर हवाईमार्गबाट गन्तव्यमा पठाउने गरिएको छ। अलपत्र नेपालीले अनलाइनमार्फत साउदी अरबमा भिसा आवेदन गरी भिसा प्राप्त गरेपछि दूतावासको सहजीकरणमा उनीहरूलाई साउदी पठाउने गरिएको छ।

**मन्त्री...**
मन्त्रीको जिम्मेवारी दिने तयारी रहेको केन्द्रीय सदस्यसमेत रहेका नेता पराजुलीले बताए।

सरकारमा गएर जनताको पक्षमा काम गर्ने भनेर नै सांसदहरू निर्वाचित भएर आएकाले मन्त्री बन्ने चाहानालाई स्वाभाविक लिइएको उनको भनाइ छ। 'मन्त्रीको आकांक्षा राख्नु स्वाभाविक हो, तर पार्टीले दिएको जिम्मेवारीलाई स्वीकार गर्नुपर्ने हुन्छ। हामी व्यक्तिभन्दा पनि रास्वपाले सरकार चलाउने हो। पार्टीको निर्णयलाई स्विकार्छौं।'

प्रधानमन्त्रीको तयारीमा रहेका बालेनले भने मन्त्री छनोट गर्दा आफूअनुकूल बनाउन खोजेका छन्। उनले गृह, अर्थ, सामान्य प्रशासन मन्त्रालय आफ्ना विश्वासपात्रलाई बनाउन चाहेका छन्। सभापति लामिछानेले पनि बालेनलाई प्रधानमन्त्री बनाएपछि गृह, अर्थ, परराष्ट्र, श्रम, सहरी तथा भौतिक विकासलगायत मन्त्रालयमा आफूनिकटकालाई लैजान खोजेका छन्। त्यसो हुँदा मात्रै पार्टीभित्र ब्यालेन्स मिल्ने कतिपय नेताहरूले जनाएका छन्।

अर्थमा स्वर्णिम भए पनि गृहमा सुनील लम्सालको नाम बालेनले अघि सारेको बताइएको छ। तर, रविले डिपी अर्याललाई गृहमा पठाउन खोजेका छन्। डिपी आफैंले भने श्रम मन्त्रालयको नेतृत्व गर्न चाहेका छन्। गृहमा राजु पाण्डे र पूर्वएआइजी विश्वराज पोखरेलले पनि इच्छा राखेका छन्। यद्यपि मन्त्रीको अन्तिम लिस्ट बालेन र रविको कोटको खल्तीबाट बाहिरिएको छैन। अधिकांश आकांक्षीले समेत अनुमानका भरमा नामहरू सार्वजनिक गरिरहेका छन्। कतिपयको नाम भने नेताहरूले नै मिडिया ट्रायलका लागि सार्वजनिक गर्न लगाउने र सार्वजनिक रूपमा आएको प्रतिक्रियाका आधारमा जिम्मेवारी दिने तयारीसमेत भएको स्रोतको दाबी छ।

अनौपचारिक छलफलमा व्यस्त भए पनि मन्त्रिपरिषद् तयारीका विषयमा नेताहरूले औपचारिक धारणा दिन चाहेका छैनन्। जनमतको ख्याल गर्दै नागरिकका अपेक्षाअनुसार काम गर्न सक्ने नेताहरूलाई मन्त्री बनाएर पठाउने नेताहरूको दाबी छ। सरकारको नेतृत्व बालेन र संसदीय फाँटको भूमिका रविले नेतृत्व लिनेगरी मोटामोटी सहमति भइसकेको छ। तर, भागबन्डा मिलाउने र मन्त्री छनोट गर्ने जिम्मा शीर्ष दुई नेताको हातमा छ।

**राजनीतिक...**
खारेज गर्ने र पीडित पक्ष अदालत गएपछि अदालतले सरकारी निर्णय बदर गर्दै पुनर्स्थापित गरिदिने घटना उल्लेख्य संख्यामा छन्।

जेनजी आन्दोलनबाट नयाँ सरकार गठन भएपछि तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङले नेपाल विद्युत् प्राधिकरणमा गरेको नियुक्ति यसको पछिल्लो उदाहरण बनेको छ। घिसिङले आफ्नै पूर्वसहकर्मी एवं प्राधिकरणभित्र कर्मचारी हुँदै कार्यकारी निर्देशक बनेका हितेन्द्रदेव शाक्यलाई हटाएपछि उनी सर्वोच्च गएका थिए। सर्वोच्चले सरकारको सो निर्णय बदर गर्दै शाक्यलाई पदबहाली गराउन आदेश दिएको थियो। सुशीला कार्की सरकारले फिर्ता बोलाएका ११ देशका राजदूतलाई पनि अदालतले थमौती गरिदिएको थियो। तीमध्ये केहीले अझै पनि परराष्ट्र मन्त्रालयमा हाजिर गरिरहेका छन्।

पूर्ववर्ती सरकारहरूले विभिन्न निकायमा राजनीतिक नियुक्ति दिएकाहरूको संख्या एक हजार पाँच सयभन्दा बढी छ। राजदूतहरू, विभिन्न आयोग र सार्वजनिक संस्थानका प्रमुखहरू, राष्ट्रिय समाचार समितिलगायत विभिन्न सरकारी एवं संस्थान आदि त्यसमा पर्छन्।

पूर्वसचिव विष्णु लम्साल पूर्ववर्ती सरकारका राजनीतिक नियुक्ति हटाउँदा राम्रो गृहकार्य र सोच विचार आवश्यक हुने बताउँछन्। 'सबै नियुक्तिलाई एउटै डालोमा हालेर त्यसबारे निर्णय गर्नु उचित हुँदैन,' उनले भने। विगतमा कतिपय सरकारले पूर्ववर्ती सरकारले गरेको नियुक्तिलाई निरन्तरता दिएको र कतिपय हटाउने निर्णय गरेकोमा अदालतको आदेशले उल्टिएका कुरा आगामी सरकारले ध्यानमा राख्नुपर्ने पूर्वसचिव लम्सालको सुझाव छ। 'कसैलाई योग्यता र दक्षताको विचारै नगरी निकटताका आधारमा नियुक्त गरिएको देखिन्छ भने कोहीले उक्त कार्यालयमै लामो समय अनुभव लिएका आधारमा नियुक्ति पाएको समेत देखिन्छ,' उनले थपे।

सबैलाई एकै हिसाबले हटाउन खोज्दा आफूनिकटलाई नियुक्ति गर्न खोजिएको वा आस्था नमिल्नेलाई बिनाकारण हटाउन खोजिएको सन्देश जाने उनी बताउँछन्। राजनीतिक नियुक्ति पाएका कतिपयले आफ्नो जिम्मेवारी योजनाबद्ध ढंगले मिहिनेतपूर्वक गरेको देखिने र त्यस्ता संस्थानमा हठात् नेतृत्व परिवर्तन गर्दा भइरहेको प्रगति अवरुद्ध हुन सक्नेतर्फ पनि सोच्नुपर्ने धारणासमेत उनको छ।

**संघीय...**
बादी समुदायबाट संघीय संसद्मा प्रतिनिधित्व गर्दै छिन्, सीता। उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक प्रणालीमार्फत प्रतिनिधिसभा सदस्य बनाएर दलित महिला कोटाबाट संसद्मा पुऱ्याएको हो। सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका-१४की बादीले निर्वाचन आयोगबाट प्रमाणपत्रसमेत बुझिसकिन्।

सुर्खेतको झुप्राखोलामा बालुवा संकलन गर्दै हुर्किएकी सीता अभाव, गरिबी, लाञ्छना, बहिष्कार सहँदै आइन्। संघर्ष, असमानता, चेतना र परिवर्तनसँग उनको गहिरो साक्षात्कार छ। उनी कुनै पारिवारिक विरासतबाट राजनीतिमा आएकी होइनन्। संविधानले बराबरी हक दिए पनि उनले त्यसको प्रत्यक्ष महसुस गर्न पाएकी थिइनन्। समुदायको माग त छँदै थियो, अब समयको मागले उनलाई जनप्रतिनिधि बनाएको छ।

'म केवल बादी समुदायको प्रतिनिधि भएर सीमित हुने छैन,' उनले भनिन्, 'म ती सबैको आवाज बन्न चाहन्छु जसका मुद्दा अझै किनारामा छन्।' शिक्षा, स्वास्थ्य, रोजगार उनको विशेष प्राथमिकतामा छ। बादी समुदाय मात्र होइन, महिला र दलितको आवाज संसद्मा उठाउने उनको प्रण छ।

**सवारीमा...**
गर्न र पेट्रोलियम पदार्थको खपत घटाउने उपाय खोज्न थालेको हो। यसै सन्दर्भमा यातायात व्यवस्था विभागले सवारी साधनमा जोर-बिजोर प्रणाली लागू गर्ने सम्भावनाबारे छलफल अघि बढाएको छ।

निगमका अनुसार अन्तर्राष्ट्रिय बजारमा मूल्य उच्च दरले बढे पनि स्वदेशमा सीमित मात्र समायोजन गर्दा दैनिक करिब चार अर्ब रुपैयाँ घाटा व्यहोर्नु परेको छ। डिजेल, पेट्रोल र ग्यासमा ठूलो मूल्यवृद्धि हुँदा पनि उपभोक्तालाई तत्काल पूर्ण भार नपार्ने नीतिले निगमको वित्तीय दबाब बढाएको छ। यस्तो अवस्थामा खपत घटाउने विकल्पहरू खोज्न थालिएको हो।

यातायात व्यवस्था विभाग स्रोतले सवारीसाधनमा जोर-बिजोर प्रणाली लागू गर्नेबारे अनौपचारिक छलफल भए पनि कुनै औपचारिक निर्णय नभएको बताएको छ। विगतमा संकटका बेला सवारीसाधनमा जोर-बिजोर प्रणाली लागू गरिएको थियो। यसपटक पनि आवश्यक परे जोर-बिजोर प्रणाली लागू गर्नेबारे अनौपचारिक छलफल भएको हो।

**खाडी...**
छाडेका छन्। संयोजक श्रेष्ठका अनुसार नेपालीहरूले काम गर्ने कैयौं कार्यालय बन्द हुने अवस्थामा छन्। उनीहरूको उद्धार नेपाल सरकारका लागि चुनौतीपूर्ण छ। अमेरिका-इजरायलले इरानमाथि आक्रमण गरेपछि एयरलाइन्सले ५३अर्ब डलरभन्दा बढीको मूल्य गुमाएको बताएका छन्।

विश्वका २० ठुला सार्वजनिक रूपमा सूचीबद्ध एयरलाइन्सले लगभग ५३ अर्ब डलरको मूल्य गुमाएको फाइनान्सियल टाइम्सले उल्लेख गरेको छ। युद्धपछि धेरै एयरलाइन्स मध्यपूर्वी देशहरूमा व्यावसायिक सञ्चालन बन्द गर्न बाध्य भएका छन्। युद्ध चौथो हप्तामा प्रवेश गर्दै गर्दा एयरलाइन्सका कार्यकारीहरूले सम्भावित इन्धन अभावको चेतावनी दिइरहेका छन्। इन्धनमा भएको मूल्य वृद्धिले टिकटमा दोब्बरले वृद्धि हुने सम्भावना बढाएको छ।

यस अवधिमा इरानमा १ हजार ४०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ। तीमध्ये २०४ जनाभन्दा बढी बालबालिका छन्। विश्वव्यापी ढुवानी र ऊर्जा पूर्वाधार जोखिममा पारेको छ।

**विदेश...**
महानगरपालिका-७ बस्ने कास्की घर भएका ३३ वर्षीय आशिष महत र भक्तपुर मध्यपुर थिमी नगरपालिका-४ बस्ने रामेछाप घर भएकी ३५ वर्षीया संगीता श्रेष्ठ रहेका छन्।

पक्राउ परेकामध्ये अर्जुनले क्रोएसिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ३० हजार रुपैयाँ, डिल्लीले माल्दिभ्स पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ९९ हजार रुपैयाँ, उमाले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख रुपैयाँ, आशिषले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २३ लाख रुपैयाँ र संगीताले पोर्चुगल पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ६८ हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्दै पीडितहरूले उजुरी दिएका थिए। सोही आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उमा र संगीतालाई काठमाडौं महानगरपालिका-१२ बाट तथा आशिषलाई काठमाडौं महानगरपालिका-१० बाट आइतबार पक्राउ गरेको हो। साथै अर्जुनलाई काठमाडौं महानगरपालिका-४ बाट र डिल्लीलाई काठमाडौं महानगरपालिका-९ बाट शुक्रबार प्रहरीले पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

**ओमप्रकाशको ....**
बाँकी ५६ जना सातै प्रदेशका प्रदेशसभा सदस्य र ७५३ वटै स्थानीय सरकारका पदाधिकारीबाट निर्वाचित भएर आउँछन्। ५९ सदस्यीय सभामा प्रत्येक एकतिहाइ सदस्यका लागि प्रत्येक दुई/दुई वर्षमा निर्वाचन हुन्छ। गत माघमा १८ जना सदस्य निर्वाचित भएर आए। राष्ट्रपतिबाट मनोनीत हुने एउटा पद रिक्त छ।

रिक्त पदमा अर्याललाई नियुक्त गर्ने गरी मन्त्रिपरिषद्बाट भएको सिफारिसलाई लिएर सार्वजनिक रूपमा समेत कतिपयले प्रश्न उठाएका छन्। यो विषयमा सर्वोच्च अदालतमा रिटसमेत परेको छ।

राष्ट्रिय सभा सदस्य मनोनीत गर्ने सरकारको निर्णय बदर गर्न माग गर्दै अधिवक्ता मनीष श्रेष्ठले सर्वोच्च अदालतमा निवेदन दिएका हुन्। निवेदनमा प्रधानमन्त्री सुशीला कार्की, मन्त्रिपरिषद्को कार्यालय र गृहमन्त्री ओमप्रकाश अर्याललाई प्रतिवादी बनाइएको छ।

अर्याल जेनजी आन्दोलनपछि गृहमन्त्री भए। २१ फागुनको निर्वाचनलाई भयरहित र शान्तिपूर्ण बनाउन महत्वपूर्ण भूमिका खेले। उनै गृहमन्त्री अर्याल आफैं सहभागी मन्त्रिपरिषद् बैठकको निर्णयमार्फत राष्ट्रिय सभा सदस्य हुन खोजेका छन्। तर, राष्ट्रपतिले सिफारिस सदर नगरिदिँदा उनको संसद् यात्रा होल्ड हुन पुगेको छ।

मन्त्रिपरिषद्ले गरेको सिफारिस राष्ट्रपतिले होल्ड गरेको नजिर विगतमा समेत रहेका छन्। २०७४ सालमा यसपटक जस्तै निर्वाचनबाट नयाँ सरकार आउन लागिसकेको अवस्थामा राष्ट्रिय सभा सदस्यका लागि भएको सिफारिस कार्यान्वयन भएको थिएन। तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले कृष्णप्रसाद पौडेल, गोपाल बस्नेत र चाँदनी जोशीलाई राष्ट्रिय सभा सदस्यमा सिफारिस गरेको थियो। दलीय सहमतिबिनै सरकारले एकल रूपमा नाम सिफारिस गरेको भन्दै तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले ती नामलाई अनुमोदन गरिनन्।

चुनावपछि केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बन्यो। नयाँ सरकारले पुरानो निर्णय फिर्ता लिएर युवराज खतिवडा, रामनारायण बिडारी र विमला पौडेल राईलाई राष्ट्रिय सभा सदस्यमा सिफारिस गऱ्यो। ती नाम भने तत्कालीन राष्ट्रपति भण्डारीले सदर गरेकी थिइन्। यसपटक पनि विगतमा जस्तै रिक्त राष्ट्रिय सभा सदस्यमा नियुक्तिका लागि राष्ट्रपतिले नयाँ सरकार कुरेको हो वा के हो त्यो भने खुलाएका छैनन्।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ यही चैत १२ गतेका लागि तय भएको छ। १३ गते प्रधानमन्त्री नियुक्त गर्ने र चैत १६ गते प्रतिनिधिसभाको पहिलो बैठक राख्ने तयारी छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) १८२ सिटसहित शक्तिशाली दलका रूपमा उदाएको छ। करिब दुईतिहाइ बहुमतमा रहेको यही पार्टीले नयाँ सरकार बनाउँदै छ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) का तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति : २०८२/१२/०९ गते सोमबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि) का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय चोरमारा, नवलपरासीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०१/२१ गते सोमबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय चोरमारा, नवलपरासीमा दिनको ठीक १.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी:** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना कार्यालय नवलपरासीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/१२/०४ मा प्रा.फ.र.नं. ३८२/१९१२/०६६ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय कावासोती, नवलपरासीबाट मिति २०६६/१२/०५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३९००७८० को प्रमाणपत्र प्राप्त **कैलाश इन्टरप्राईजेज**।

फर्मको ठेगाना : नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३, लेढा।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : शेर बहादुर महतो** (ना.प्र.नं. ९/५०८, जारी मिति २०४४।११।०४, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : बाबुलाल थारु। बाजे : रामजित थारु। | **जमानतकर्ता : मान बहादुर महतो** (ना.प्र.नं. ३६२०२७/३१७९, जारी मिति २०७०/०३/२३ जि.प्र.का. नवलपरासी), ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : शेर बहादुर महतो। बाजे : बाबुलाल थारु। |
| **जमानतकर्ता : कैलाश कुमार महतो** (ना.प्र.नं. ३६२०२७/३१७९, जारी मिति २०७०/०३/२३, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : शेर बहादुर महतो। बाजे : बाबुलाल थारु। | **जमानतकर्ता : नविना महतो** (ना.प्र.नं. ३६-०२-७४-०९३१७, जारी मिति २०७४/११/०९, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३। बाबु : खेम नारायण थारु। पति : मान बहादुर महतो। ससुरा : शेर बहादुर महतो। |
| **जमानतकर्ता : धन कुमारी महतो** (ना.प्र.प.नं. ३६३०२७/६३४, जारी मिति २०६३/१०/१९, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : सिखा राम महतो। पति : शेर बहादुर महतो। ससुरा : बाबुलाल थारु। | **जमानतकर्ता : सिमा महतो** (ना.प्र.नं ३६२०७५/३१८, जारी मिति २०७२/१०/२४, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३। बाबु : डिल्लीराम महतो। पति : कैलाश कुमार महतो। ससुरा : शेर बहादुर महतो |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण**
१. **शेर बहादुर महतो**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८क, कित्ता नं. ७ क्षेत्रफल ६३० (वर्ग मि.)को घरजग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
२. ऋणी **कैलाश इन्टरप्राइजेज**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ....१

**२. ऋणी:** नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग, नवलपरासीमा औषधि ऐन, २०३५ र औषधि दर्ता नियमावली, २०३८ को अधिनमा रही मिति २०७५/०४/२३ गते, सि.नं. ४५, र.प.नं. ३७५०४२२०६२७१५ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर, चितवनबाट मिति २०७५/०४/२४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८१८५३८७ को प्रमाणपत्र प्राप्त **कैलाश मेडिकल हल**।

फर्मको ठेगाना : नवलपरासी (वर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु नगरपालिका वडा नं. ३, लेढा।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : मान बहादुर महतो** (ना.प्र.नं. ३६२०२७/३१७९, जारी मिति २०७०/०३/२३ जि.प्र.का. नवलपरासी), ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : शेर बहादुर महतो। बाजे : बाबुलाल थारु। | **जमानतकर्ता : शेर बहादुर महतो** (ना.प्र.नं ९/५०८, जारी मिति २०४४।११।०४, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : बाबुलाल थारु। बाजे : रामजित थारु। |
| **जमानतकर्ता : कैलाश कुमार महतो** (ना.प्र.नं. ३६२०२७/३१७९, जारी मिति २०७०/०३/२३, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : शेर बहादुर महतो। बाजे : बाबुलाल थारु। | **जमानतकर्ता : नविना महतो** (ना.प्र.नं ३६-०२-७४-०९३१७, जारी मिति २०७४/११/०९, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३। बाबु : खेम नारायण थारु। पति : मान बहादुर महतो। ससुरा : शेर बहादुर महतो। |
| **जमानतकर्ता : धन कुमारी महतो** (ना.प्र.प.नं ३६३०२७/६३४, जारी मिति २०६३/१०/१९, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३ (साविक कोल्हुवा गा.वि.स. वडा नं. ८)। बाबु : सिखा राम महतो। पति : शेर बहादुर महतो। ससुरा : बाबुलाल थारु। | **जमानतकर्ता : सिमा महतो** (ना.प्र.नं. ३६२०७५/३१८, जारी मिति २०७२/१०/२४, जि.प्र.का. नवलपरासी)। ठेगाना : नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. ३। बाबु : डिल्लीराम महतो। पति : कैलाश कुमार महतो। ससुरा : शेर बहादुर महतो |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण**
१. **शेर बहादुर महतो**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेका नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८क, कित्ता नं. ७ क्षेत्रफल ६३० (वर्ग मि.)को घरजग्गा र ऐ.ऐ. वडा नं. ८ नक्सा सिट नं. ८ख स्थित कित्ता नं. ४३३ क्षेत्रफल र ०-२-११-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
२. ऋणी **कैलाश मेडिकल हल**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)** बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)** मा सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

**Local Government**
# Thulibheri Municipality,
# Office of the Municipal Executive
**Juphal, Dolpa**
**Karnali Province, Nepal**

## Invitation For Expression Of Interest (Eoi)

**First date of publication: 2082/12/09 (2026-03-23)**

Thulibheri Municipality, Office of the Municipal Executive, Juphal, Dolpa invites only electronics bids from Nepalese eligible bidders for the following works under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the EOI documents. May obtain further information contact at the Thulibheri Municipality, Office of the Municipal Executive, Juphal, Dolpa. A complete set of EOI documents may be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID | Description of works | Last date of EOI submission |
|---|---|---|---|
| 1 | TBM/NCB/CS/EOI/01-2082/083 | Preparation of Capacity Development Planning of Educational Institute of Thulibheri Municipality | 2082/12/23 (2026-04-06) |

**Chief Administrative Officer**

# गगनको राजीनामा अस्वीकृत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले दिएको राजीनामा पार्टी केन्द्रीय कार्यसमितिको बैठकले अस्वीकार गरेको छ । शुक्रबार र आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले गगनको राजीनामा अस्वीकार गर्ने प्रस्ताव पारित गरेको हो । उपसभापति विश्वप्रकाश शर्माले सभापतिको राजीनामा अस्वीकार गर्ने प्रस्ताव बैठकमा पेस गरेका थिए । उक्त प्रस्ताव अस्वीकार भएको प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।

'सभापति श्री गगनकुमार थापाले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामलाई लिएर यसको नैतिक जिम्मेवारी लिँदै उपसभापतिसमक्ष विधानको धारा २६ (१) बमोजिम पेस गर्नुभएको राजीनामालाई केन्द्रीय कार्यसमितिको यस बैठकले सर्वसम्मत रूपमा अस्वीकृत गर्ने निर्णय गरेको छ,' चालिसेले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रस्ताव अस्वीकार गर्नका लागि पार्टीले आठवटा आधार लिएको पनि प्रवक्ता चालिसेले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । बैठकले निर्वाचन पराजयका प्रमुख कारणहरू संरचनागत समस्या तथा नियन्त्रणबाहिरका परिस्थितिहरू रहेको, वर्तमान जटिल राष्ट्रिय परिस्थितिमा सभापति थापाको नेतृत्व अझ आवश्यक रहेको अनुभूति भएको, राजीनामा स्वीकार गर्दा पार्टीभित्र अनावश्यक अस्थिरता, अन्योल तथा कार्यकर्ताको मनोबलमा गिरावट आउने सम्भावना रहेकोले, राजीनामा बाध्यकारी नभई नैतिक र स्वेच्छिक विषय भएकाले यसको सम्मान गर्दै अस्वीकार गर्नु उपयुक्त देखिएकोले र सामूहिक जिम्मेवारीको सिद्धान्त तथा पार्टी नेतृत्वको स्थायित्वको आवश्यकताको सिद्दान्तमा आधारित रहेकोले राजीनामा अस्वीकार गर्ने निर्णय भएको जनाएको छ । यस्तै विशेष महाअधिवेशनपश्चात् प्रारम्भ गरिएको सुधार कार्यक्रम (कांग्रेस २.०) कार्यान्वयनको निरन्तरता आवश्यक रहेकोले, पार्टीलाई आगामी १५औं महाधिवेशनतर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता भएकोले र केन्द्रीय कार्यसमितिको पूर्ण बैठकबाट सर्वसम्मत निर्णय राजीनामा अस्वीकार गर्ने निर्णय भएको जनाइएको छ ।

### हङकङबाट कांग्रेस चलाउँदै देउवा

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा सिंगापुरबाट हङकङ पुगेका छन् । तर, उनी त्यहीँबाट कांग्रेस पार्टी चलाइरहेका छन् । पार्टीभित्र पछिल्लो समय विवाद र गुटबन्दीले चर्को रूप लिएको छ । विशेष महाधिवेशनबाट संस्थापन बनेको गगन थापा नेतृत्वको कांग्रेस र पार्टीभित्र प्रतिपक्ष बन्न पुगेको शेरबहादुर देउवा समूह कांग्रेसबीचको विवादले वारपारको स्थिति ल्याउन लागेको देखिन्छ । गत निर्वाचनमा नराम्रोसँग पराजित भएको कांग्रेसमा पुरानै घाउ बल्झाएर थप धुलिसात् बनाउने बाटोमा नेताहरू अघि बढेको नेताहरूले बताएका छन् । विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको बैठक पार्टी केन्द्रीय कार्यालय सानेपामा आइतबार सम्पन्न भएको छ । यता शेरबहादुर देउवा समूह पुरानो केन्द्रीय समिति ब्युँताउने अन्तिम तयारीमा जुटेको छन् । यो घटनाले पार्टीलाई फुटको दिशातिर लैजाने सम्भावना बढाएको राजनीतिक तहमा बहस भइरहेको छ ।

देउवा पक्षका नेताहरू गगनसँग कुनै पनि हालतमा मिलेर जाने पक्षमा देखिएका छैनन् । गगनसँग मिल्दा अपमान महसुस गरेका यी नेताहरूलाई जनताले पनि स्वीकार गर्न सक्ने अवस्था छैन । तर पनि उनीहरू यति धेरै कृतघ्न भएर आफ्नो गुटको खेतीमै रमाउन चाहेको नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए । आफूलाई लोकतान्त्रिक सिद्धान्तको मसिहा ठान्ने कांग्रेसले नियमित आवधिक महाधिवेशन नगरी नेतृत्वकेन्द्रित निर्णय गर्दै आएको थियो । त्यसविरुद्ध तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको सक्रियतामा बहुमत महाधिवेशन प्रतिनिधिले भेला बोलाएर विशेष महाधिवेशनमार्फन नयाँ नेतृत्व चयन गरेका थिए । जुन नेतृत्व गगन समूहको हो । तर, शेरबहादुर देउवा समूहका नेताहरूले भने यसलाई स्वीकार गरेका छैनन् । यद्यपि गत चुनावमा उनीहरूले गगन थापालाई नै सभापति मानेर उनकै हस्ताक्षर भएको टिकट लिएर गएका थिए । चुनावमा टिकट लाने अनि नेतृत्व नमान्ने भन्ने कुन खालको प्रवृत्ति कांग्रेसमा भित्रिँदै छ ? यो आमकार्यकर्ताले नजिकबाट नियाल्ने विषय हो । चुनावमा पराजयपछि पार्टीको चुनावी समीक्षा भएको छ । जहाँ पुरानो संस्थापनका नेताहरू सहभागी भएनन् । उता, देउवा समूहले विशेष महाधिवेशनको निर्णय उल्ट्याउन सर्वोच्चमा हालेको रिट विचाराधीन अवस्थामा छ ।



तर, समानान्तर गतिविधिमा उक्त समूह सक्रिय भएपछि पार्टीभित्रको समस्या थप जटिल बन्दै गएको छ । पूर्वसभापति देउवाले सिंगापुर र हङकङबाटै काठमाडौंको कांग्रेस चलाएको गगन पक्षका नेताहरूले टिप्पणी गरेका छन् ।

गगन थापा समूहले पनि पुराना नेताहरूलाई अपमान गरेर पार्टीबाट गलहत्याएको आरोप खेप्दै आएका छन् । आफू हारेर पार्टीलाई समेत चुनाव जिताउन नसकेपछि नैतिक जिम्मेवारी लिँदै राजीनामा दिएका गगन केन्द्रीय समितिको बैठकमा आएका छैनन् । उपसभापति विश्वप्रकाश शर्माको अध्यक्षतामा बसेको केन्द्रीय समिति बैठकले उनको राजीनामा अस्वीकृत गरेको छ । तर, पछिल्लोपटक देउवा समूहका पूर्णबहादुर खड्का, शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजय गच्छदार, बालकृष्ण खाँण, ज्ञानेन्द्रबहादुर कार्की, प्रकाशशरण महतेलगायत नेताहरूले पार्टीको पुरानै केन्द्रीय समितिको बैठक बोलाउने विषयमा छलफल गरिसकेका छन् । ग्रेसलाई अझै धुलिसात बनाउन चाहेको देखिन्छ ।


## Vacancy Announcement

**Date of Publication: 23th March, 2026**

GEMS School has announced vacancy for the following full-time (Contractual) position and encourages interested candidates to apply by the deadline mentioned below,

| Position | No. of Vacancy | Qualification | Experience (minimum) |
|---|---|---|---|
| Women's Football Lead Coach | 1 | - Certified professional with relevant coaching experience in football and a proven track record of success.<br>- Certified Coaching license (minimum AFC C License).<br>- Certified coaching instructor.<br>- Prior coaching experience.<br>- Preferably, an administration and management certificate. | 3 years |

Candidates who meet the requirements in respective positions are requested to send their CV, a cover letter and educational credentials to email: career@gems.edu.np clearly mentioning the position they are applying for in the subject within 7 days (29th March, 2026) from the date of publication of this vacancy notice. Selection criteria, process and benefits will be in accordance with school rules and regulation. Only shortlisted candidates will be notified for further screening processes.

**GEMS SCHOOL**
**Lalitpur Metropolitan City-23, Lalitpur**



## NEW PRODUCT PRICE LIST

| S.N | Product Name | Code No | Qty | MRP |
|---|---|---|---|---|
| 1 | COFFEE ELECTRIC MOKA | 00M135811AR0 | 8 | 10090 |
| 2 | PUMP GRINDER ESPRESSO MAKER | 00M131800AR0 | 25 | 54670 |
| 3 | PUMP GRINDER ESPRESSO MAKER | 00M131802AR0 | 12 | 54670 |
| 4 | PUMP GRINDER ESPRESSO MAKER | 00M131801AR0 | 8 | 54670 |
| 5 | PUMP ESPRESSO COFFEE MAKER | 00M139916AR0 | 2 | 27935 |
| 6 | PUMP ESPRESSO COFFEE MAKER | 00M139917AR0 | 2 | 27935 |
| 7 | PUMP ESPRESSO COFFEE MAKER | 00M139918AR0 | 2 | 27935 |
| 8 | KITCHEN BLENDER | 00C058500AR0 | 12 | 17050 |
| 9 | KITCHEN BLENDER | 00C058501AR0 | 12 | 17050 |
| 10 | KITCHEN BLENDER | 00C058502AR0 | 12 | 17050 |
| 11 | WATER KETTLE 1L | 00C286803AR0 | 8 | 9640 |
| 12 | WATER KETTLE 1L | 00C286804AR0 | 8 | 9640 |
| 13 | WATER KETTLE 1L | 00C286805AR0 | 8 | 9640 |
| 14 | STAND MIXER | 00C158803AR0 | 4 | 36055 |
| 15 | STAND MIXER | 00C158804AR0 | 4 | 36055 |
| 16 | STAND MIXER | 00C158805AR0 | 4 | 36055 |
| 17 | WATER KETTLE 1.7L | 00C286905AR0 | 12 | 12585 |
| 18 | WATER KETTLE 1.7L | 00C286904AR0 | 12 | 12585 |
| 19 | WATER KETTLE 1.7L | 00C286903AR0 | 12 | 12585 |
| 20 | CHOPPER | 00C043803AR0 | 48 | 8215 |
| 21 | CHOPPER | 00C043805AR0 | 48 | 8215 |
| 22 | CHOPPER | 00C043804AR0 | 48 | 8215 |
| 23 | WET VACCUM CLEANER | 00P248200AR0 | 40 | 28715 |
| 24 | WET & DRY CORDLESS VACUUM CLEANER | 00P248300AR | 8 | 57270 |
| 25 | FLOOR STEAM CLEANER | 00P414522AR0 | 40 | 25320 |
| 26 | FLOOR STEAM CLEANER | 00P416406AR0 | 40 | 18605 |
| 27 | GARMENT STEAMER | 00S624600AR0 | 60 | 16605 |
| 28 | GARMENT STEAMER | 00P416700AR0 | 66 | 9560 |
| 29 | ELECTRIC OVEN | 00C090910AR0 | 10 | 25590 |
| 30 | SANDWICH MAKER | 00C197301AR0 | 16 | 8400 |
| 31 | SANDWICH MAKER | 00C197300AR0 | 16 | 8400 |
| 32 | POPCORN MAKER | 00C295600AR0 | 8 | 9320 |
| 33 | POPCORN MAKER | 00C295601AR0 | 8 | 9320 |
| 34 | CHOPPER | 00C043700AR0 | 36 | 7990 |
| 35 | CHOPPER | 00C043701AR0 | 36 | 7990 |
| 36 | KITCHEN BLENDER | 00C065000AR0 | 20 | 47970 |
| 37 | HAND BLENDER | 00C060110AR0 | 30 | 9495 |
| 38 | ELECTRIC PASTA MAKER | 00C159300AR0 | 4 | 23520 |
| 39 | ELECTRIC BREAD MAKER | 00C013300AR0 | 10 | 23845 |
| 40 | KITCHEN BLENDER | 00C05830CAR0 | 4 | 19540 |
| 41 | KITCHEN BLENDER | 00C05830PAR0 | 4 | 19540 |
| 42 | TOASTER | 00C01550CAR0 | 4 | 14420 |
| 43 | TOASTER | 00C01550PAR0 | 4 | 14420 |

**बिक्रेता फर्मको नाम**: SAI TRADE-LINK
**एक्जीम कोड नं.**: 1091791910191 (NP)
**ठेगाना** : GYANODAYA MARG, BAFAL KATHMANDU



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७३/०२/३० मा दर्ता भएको श्री **मोर्डन मल्टिलेटरल अर्गनाइजेशन (प्रा. लि. नं. १५०७४१)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७२/०६/२४ मा दर्ता भएको श्री **भिभिड मिडिया प्रा. लि. (प्रा. लि. नं. १४१११६)** नामक कम्पनीले दफा १३६ (१) अनुसार दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


# कोशी मिडिया समिट सम्पन्न



**सुनसरी/मस–** इटहरीमा भएको 'कोशी मिडिया समिट' १४ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । कोशी प्रदेशका पत्रकार, सञ्चार उद्यमी लगायतको सहभागितामा नयन एडभरटाइजिङ मिडिया प्रालिद्वारा सञ्चालित प्रदेश खबर डटकमको आयोजना, नेपाल पत्रकार महासंघ कोशी प्रदेशको सहकार्य तथा नेपाल पत्रकार महासंघ सुनसरीको समन्वयमा सम्पन्न समिटले १४ बुँदे घोषणापत्र जारी गरेको हो ।

पत्रकार क्षेत्रका पेसागत संघ-संगठनका नेतृत्वकर्ता, मिडिया क्षेत्रका अगुवा, सञ्चालक, सञ्चारकर्मी तथा विज्ञापन एजेन्सीहरूको सहभागितामा कोशी प्रदेशको पत्रकारिता, विज्ञापन बजार र सञ्चार उद्योगको वर्तमान अवस्था, समस्या र समाधानका उपायबारे गहन अन्तर्क्रियापछि घोषणापत्र जारी गरिएको आयोजक प्रदेश खबर डटकमका प्रधानसम्पादक तथा नयन एडभरटाइजिङ मिडिया प्रालिका अध्यक्ष पवन अधिकारीले जानकारी दिए । अध्यक्ष अधिकारीले मिडिया सञ्चालक, पत्रकार, विज्ञापन एजेन्सीलगायत सरोकारवालाबीच मिडिया क्षेत्रका समग्र विषयमा छलफल गरी निष्कर्ष निकालिएको र त्यसलाई बुँदागत रूपमा टिपोट गरी घोषणापत्रको रूप दिइएको बताए । कार्यक्रममा सञ्चारकर्मी तथा मिडिया सञ्चालकका जिज्ञासामाथि प्रेस काउन्सिल नेपालका अध्यक्ष डा.कुमार शर्मा आचार्य, विज्ञापन बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईं र नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहालले जवाफसहित छलफलमा सहभागिता जनाएका थिए । राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झा र गोरखापत्र संस्थानका अध्यक्ष अखण्ड भण्डारीले सम्बन्धित संस्थाका विषयमा जानकारी गराउँदै पत्रकारिता क्षेत्रसँग सम्बन्धित विभिन्न विषयमा धारणा राखेका थिए ।

कार्यक्रममा पत्रकार आचारसंहिता, लोककल्याणकारी विज्ञापन, अन्य विज्ञापन, पत्रकारहरूको पारिश्रमिक, सामाजिक सुरक्षा कोषमा सहभागिता, नियुक्तिपत्र, पत्रकारका लागि वित्तीय विकासका कार्यक्रम, मिडिया सञ्चालनका विविध पक्षलगायत विषयमा पत्रकारहरू शालिग्राम पाण्डे, सुविद गुरागाईं, बन्धु पोखरेल, सुमन पुरी, सञ्जीव वाग्ले, खेमचन्द्र अधिकारी, राजन केडी, विदुर खवास, मिनकुमार नवोदितलगायतले जिज्ञासा राखेका थिए । यस्तै, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती तथा नेपाल विज्ञापन संघका पूर्व अध्यक्ष सन्तोष श्रेष्ठले अतिथि वक्ताका रूपमा पत्रकारिता क्षेत्रमा देखिएका चुनौतीबारे आफ्नो धारणा राखेका थिए ।


**नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः।**
**न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः।।**

# हार्दिक समवेदना

जन्म मिति:
वि.सं. २०१२/०२/२८



स्वर्गारोहण मिति:
वि.सं. २०८२/११/२७

## स्व. श्री गीता मैनाली

यस नेपाल विज्ञापन संघका कार्यकारी निर्देशक अनन्त मैनालीकी ममतामयी माता श्री गीता मैनाली ज्यूको मिति २०८२ साल फाल्गुन २७ गतेका दिन असामयिक निधन भएकोमा नेपाल विज्ञापन संघ परिवार गहिरो दुःख प्रकट गर्दछ । यस दुखद घडिमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तीको कामना गर्दछौं ।

**सुदिप थापा,**
अध्यक्ष तथा
नेपाल बिज्ञापन संघ (आन) परिवार

aan Advertising Association of Nepal



नेपाल सरकार
**शहरी विकास तथा भवन निर्माण बिभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना**
**बैतडी**

**आर्थिक बोलपत्र खोल्ने सम्बन्धी सूचना**
**(प्रकाशन मिति : २०८२/१२/०९ )**

यस आयोजना कार्यालय तथा साबिक नयाँ शहर आयोजना कार्यालय, पाटन बैतडीबाट तपसिलका निर्माण कार्यका लागि प्रकाशित बोलपत्र आब्हानको सूचना अनुसार EGP मार्फत दाखिला हुन आएका तपशिलका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभुतरूपमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम उक्त बोलपत्रहरूको आर्थिक बोलपत्र मिति २०८२/१२/१६ गते दिनको १३:०० बजे खोलिने भएकाले सम्बन्धित वोलपत्रदाताहरूको जानकारिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| कामको नाम र ठेक्का नं | सारभुत रुपमा प्रभाव ग्राही बोलपत्र दाताहरू |
|---|---|
| Construction of Multi-Purpose Building in New Town Patan, (PNTPO/NCB/2082/83-1) | 1. Kailash Construction, Baitadi<br>2. Arun-Nagarjun-Aayush JV, Taplejung<br>3.New Shree Kedar Nirman Sewa, Baitadi<br>4. Indradhanu Nirman Sewa Pvt. Ltd.<br>5. Anjal 3 Bhai JV, Baitadi |
| Mahadev Ma. Bi., Athapali Building Construction and Fencing Works, Bungal Municipality-7, Bajhang (PUDBC/BAITADI/WORKS/NCB-1/082/083) | 1.Dev Singh Nirman Sewa Pvt.Ltd<br>2. Janakalyan -Mastadev Darshan J/V |

**आयोजना प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
९ चैत २०८२ सोमबार
23 March 2026 Monday

## सम्पादकीय

# नियुक्तिमा दलीयकरण रोक

नयाँ सरकार गठनको तयारीसँगै अघिल्ला सरकारका राजनीतिक नियुक्ति पाएकाहरूलाई एकैचोटि हटाउन वा स्वतः राजीनामा दिन दबाब बढेको छ । झन्डै दुईतिहाइ बहुमतसहित सत्तारोहण गर्न लागेको रास्वपाले उनीहरूलाई औपचारिक रूपमै सन्देश दिएको छ । यसलाई नयाँ सरकारलाई काम गर्न सहज बनाउने उपायका रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ । सँगै विधि, प्रक्रिया र योग्यताबाट पदमा पुगेका व्यक्तिलाई पनि अघिल्लो सरकारले नियुक्ति गरेकै आधारमा हटाउन खोजियो भने त्यसको प्रभाव गहिरो र दीर्घकालीन हुन सक्छ । विधि र प्रक्रिया मिचेर गरिने निर्णयले सुशासनको सन्देश दिन सक्दैन ।

नेपालमा राजनीतिक नियुक्ति लामो समयदेखि विवादको विषय रहँदै आएको छ । पहुँच, निकटता र दलीय आस्थाका आधारमा गरिएका नियुक्तिले संस्थागत क्षमतामै प्रभाव परेको भन्दै निरन्तर प्रश्न उठ्दै आएको छ । त्यसरी नियुक्त व्यक्तिहरूले नैतिकता देखाएर मार्गप्रशस्त गर्नु उचित हुन्छ । सरकारले गर्ने नियुक्तिमा धेरै सुधार आवश्यक छ भन्नेमा दुईमत छैन । तर, सबै नियुक्तिलाई एउटै डालोमा हालेर निर्णय गर्नु न्यायोचित हुँदैन । विगतका अनुभवले पनि हतारो निर्णयको परिणाम राम्रो नहुने देखाएको छ । सरकार फेरिएसँगै नियुक्ति खारेज गर्ने र त्यसविरूद्ध अदालत जाने प्रवृत्ति बढेको छ । अदालतले पटक–पटक सरकारी निर्णय बदर गर्दै पुनर्स्थापना गरिदिएको छ । अहिले पनि सरकारले फिर्ता बोलाएका राजदूतहरू परराष्ट्र मन्त्रालयमा हाजिर गरेर जागिर खाइरहेका छन् । यसले सरकारको निर्णय क्षमतामाथि प्रश्न उठाउँछ र प्रशासनिक स्थायित्वलाई कमजोर बनाउँछ । नयाँ सरकारले विवेकपूर्ण र सन्तुलित दृष्टिकोण अपनाउनु जरूरी छ । प्रत्येक नियुक्तिको प्रकृति, प्रक्रिया र कार्यसम्पादनको आधारमा छुट्टाछुट्टै मूल्यांकन गरिनुपर्छ । संवैधानिक निकाय वा निश्चित कार्यकालसहित भएका नियुक्तिलाई सम्मान गर्नु उचित हुन्छ । यदि कुनै नियुक्ति स्पष्ट रूपमा त्रुटिपूर्ण वा अनियमित देखिन्छ भने मात्र कारण खुलाएर, पारदर्शी प्रक्रिया अपनाउँदै सुधार गर्नुपर्छ । एउटा दलीय आबद्धता वा पहुँचले नियुक्त व्यक्ति हटाएर आफूनिकट व्यक्तिलाई नियुक्ति गर्नु प्रणाली सुधारको बाटो हुन सक्दैन ।

बरू, सरकारी नियुक्तिमा देखिएका विकृति, दलीयकरण र समस्याको दीर्घकालीन समाधानमा ठोस नीति लिनु आवश्यक छ । राजनीतिक हस्तक्षेप कम गर्ने र योग्य व्यक्तिलाई अवसर दिने गरी खुला प्रतिस्पर्धामार्फत नियुक्ति गर्ने स्वतन्त्र संयन्त्र स्थापना गर्नुपर्छ । विगतमा यस्ता प्रयासहरू भए पनि राजनीतिक इच्छाशक्तिको अभावले सफल हुन सकेनन् । अब त्यसलाई व्यवहारमा उतार्ने समय आएको छ । नयाँ सरकारको सफलताको मापन आम नागरिकले अनुभूति गर्नसक्ने परिवर्तन हो । त्यसैले पुराना नियुक्ति हटाउनेमा मात्र होइन, सरकारको ध्यान प्रणाली सुधारमा हुनुपर्छ ।

# बन्द ढोका र भत्किएका आँगन !

*विकास योजना सहरकेन्द्रित छन् भने ग्रामीण योजनाहरू कागजमा सीमित छन् । गाउँ विकासको नारा दिनु र त्यो कार्यान्वयन नगर्नुबीचको अन्तरले गाउँलाई नै विस्थापित गरिरहेको छ ।*

अग्रलेख



● अनन्तप्रसाद घिमिरे

नेपाल एक कृषिप्रधान, सांस्कृतिक रूपमा सम्पन्न, प्राकृतिक रूपमा विविधतायुक्त अनि मानवीय संवेदनामा धनी र सम्पन्न राष्ट्र हो । यहाँका पहाड, तराई, हिमाल, खोल्साहरू मात्र सुन्दर छैनन्, यी भूमि मानिसका गाथाले, पसिनाले र परम्पराले सिँचिएका छन् । तर दुःखको कुरा- देशको यही आत्मा, गाउँबस्तीहरू आज रित्तिँदै गएका छन्, विस्थापनको क्रम दिनप्रतिदिन बढ्दो छ । मानिस बाँचिरहे पनि गाउँ बाँचिरहेको छैन । चौतारी खाली छन्, आँगनमा बालबालिकाको कोलाहल छैन, खेतमा झार उमारिएको छ र साँझपख आगो ताप्ने बूढाबूढीको भीड छैन । मानौं गाउँ मृत्युको मौनतामा बाँचेको छ ।

यो परिदृश्य केवल एक–दुई गाउँको होइन । देशभरका हजारौं गाउँ आज यही नियतिको साक्षी छन् । कतै घर मात्र छन्, मान्छे छैनन् । घरका ढोका बन्द छन्, आँगन भत्किएका छन् । कतै बारी मात्र छन्, जोत्नेको अभाव छ । कतै त पूरा गाउँ नै सुनसान छ - जहाँ घाम लाग्छ, तर त्यस ठाउँमा घाम ताप्ने मान्छे छैन । के हामी यसलाई ‘ विकासको नाममा त्यागिएको आत्मा’ भन्न सक्दैनौं ?

गाउँ रित्तिँदै जानुका कारणहरू छन् । एकातर्फ वैदेशिक रोजगारीको प्रभाव छ, जसले ग्रामीण युवा शक्तिलाई देशबाहिर धकेलिरहेको छ । अर्कोतर्फ, गाउँमा आवश्यक पर्ने पूर्वाधार, सेवा–सुविधा, अवसर र सम्मान नहुनु पनि ठूलो समस्या हो । आजका युवाहरू गाउँलाई मात्र होइन, गाउँसँग जोडिएको जीवनशैलीलाई नै परित्याग गर्न थालेका छन् । उनीहरूको नजरमा गाउँ ‘आफ्नो ठाउँ’ भएर पनि, ‘छाड्नुपर्ने बाध्यता’ भएको छ । यो केवल आर्थिक कारण होइन, सामाजिक र भावनात्मक बिछोड पनि हो ।

विगतमा एउटा परिवारका चार पुस्ता एउटै छानामुनि बस्ने गर्थे । अहिले, छोराले विदेश रोजेको छ, छोरीले सहर । घरमा बा–आमाले छोरा–बुहारीको पर्खाइमा समय बिताइरहेका छन् । उनीहरूका लागि गाउँ फेरि ‘घर’ बनेको छैन । बाल्यकाल त्यहीँ बिते पनि प्रौढ जीवन सहरतिर मोडिएको छ । यो केवल बसाइँसराइ होइन, समाजको ‘स्मृति–विस्मृति’ पनि हो ।

सहरको आकर्षण यसमा अर्को ठूलो कारक हो । सहरमा हुने शिक्षा, स्वास्थ्य, यातायात, इन्टरनेट, मोबाइल, मनोरञ्जन र रोजगारीको उपलब्धताले गाउँले जीवनलाई पिछडिएको, असहज र अप्रिय लाग्न थालेको छ । सहरले दिने सुविधासँग गाउँ तुलना गर्न नसक्ने अवस्थामा पुगिसकेको छ । गाउँमा बिजुली छ, तर चार घण्टा मात्रै । इन्टरनेट छ तर घण्टामा पाँचपटक बन्द हुन्छ । स्वास्थ्यचौकी छ, तर डाक्टर कहिले आउँछन् थाहा छैन । स्कुल छ, तर शिक्षक चाहिएको संख्याभन्दा आधा मात्र छन् । यस्तो अवस्थाले गाउँको अर्थतन्त्र मात्र होइन, आत्मबल नै कमजोर भएको छ । त्यसैले ग्रामीण युवाले विकल्प खोज्छन् । वैदेशिक रोजगारी पहिलो प्राथमिकता बन्छ । खेतको जोताइभन्दा दुबईको प्लास्टिक कारखानाको दुःख सहन उनीहरू तयार हुन्छन् । किनभने त्यो दुःखले पैसा दिन्छ, भविष्य दिन्छ भन्ने भ्रम पलाइसकेको हुन्छ ।

कृषिप्रतिको दृष्टिकोण परिवर्तन हुनु अर्को समस्या हो । आधुनिक समाजले खेतमा पसिना बगाउनेलाई सानो आँखा लगाउन थालेको छ । हामीले ‘कमाउने’लाई मात्रै सफल मान्न थाल्यौं, ‘पसिना बगाउने’लाई होइन । अनि गाउँका युवाले कुटो, कोदालो होइन, की–बोर्ड रोज्न थाले । त्यसैले गाउँका पाखापखेरा बाँझिएका छन्, झार अनि बुट्यानले जंगल फस्टाएका



छन् । त्यति मात्रै होइन, जंगलमा बस्ने जनावरहरू गाउँघरतर्फ सोझिएका छन् । बाँदर अनि बँदेलले खेतीपाती नष्ट गर्ने अभियान चलाइरहेका छन् ।

अझ विडम्बनापूर्ण कुरा के छ भने यो सबै हुनुमा सरकारले पनि पर्याप्त जिम्मेवारी लिएको देखिँदैन । विकास योजना सहरकेन्द्रित छन् । ग्रामीण योजनाहरू कागजमा सीमित छन् । गाउँ विकासको नारा दिनु र त्यो कार्यान्वयन नगर्नुबीचको अन्तरले गाउँलाई विस्थापित गरिरहेको छ । ग्रामीण जनताले धेरै कुराहरू ‘भए पनि नभएकोजस्तो’ महसुस गरेका छन् । जस्तो- बाटो छ, तर सवारी पुग्दैन; स्कुल छ, तर शिक्षक कहिले आउँछन् थाहा छैन; अस्पताल छ, तर औषधि छैन ।

अब समाधानको कुरा गरौं । हामीलाई भावुक भएर ‘गाउँ बचाऔं’ भन्ने मात्र होइन, प्राविधिक, योजनाबद्ध र सामाजिक हिसाबले व्यावहारिक उपाय अपनाउन जरुरी छ । सबैभन्दा पहिले, गाउँमा आधुनिक, प्रविधियुक्त कृषि प्रणालीको विकास गर्नुपर्छ । आजको युवा केवल कुटो, कोदालो चलाउने होइन, ड्रोनमार्फत सिँचाइ गर्ने सोच राख्दछ । त्यसैले कृषि र प्रविधिको आधुनिक विकास गरिनुपर्छ । सरकारी स्तरबाट सहुलियत ऋण, अनुदान, तालिम र उत्पादनको मूल्य सुनिश्चितता गर्न सकियो भने युवालाई गाउँमै व्यवसाय गर्न प्रोत्साहन गर्न सकिन्छ । साथै, गाउँमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउनु पनि अत्यावश्यक छ । यदि गाउँमा राम्रो विद्यालय भयो भने बच्चाहरू सहर जानुपर्दैन । राम्रो स्वास्थ्य सेवा भयो भने बिरामीलाई उपचारका लागि सहर पुऱ्याउनुपर्दैन । सडक, इन्टरनेट र सञ्चारको सुदृढीकरणले गाउँलाई सहरसँग जोड्न अत्यन्तै जरुरी छ ।

अर्को महत्वपूर्ण कुरा हो, सामाजिक दृष्टिकोणको परिवर्तन । हामीले आफ्ना सन्तानलाई ‘सहर जानु नै सफल हुनु हो’ भन्ने सोच सिकाएका छौं । अब यो सोच उल्टाउनुपर्छ । ‘गाउँमै रहेर ठूलो कुरा गर्न सकिन्छ’ भन्ने भावना रोप्नुपर्छ । यसका लागि सफल ग्रामीण उद्यमीहरूको उदाहरण प्रस्तुत गर्न सकिन्छ । उनीहरूको कथाहरूलाई विद्यालयका पाठ्यक्रम, सञ्चारमाध्यम, फिल्म वा साहित्यमा समेत प्रस्तुत गर्न सकिन्छ ।

‘गाउँ फर्कौं’ भन्ने अभियान केवल नारामा सीमित हुनुहुँदैन । सरकारले यसलाई व्यावसायिक, रचनात्मक र कार्यान्वयनमुखी बनाउनुपर्छ । वैदेशिक रोजगारबाट फर्किएका युवालाई गाउँमा व्यवसाय गर्नका लागि आवश्यक पुँजी, तालिम र बजारको व्यवस्था मिलाउन आवश्यक छ । यदि उनीहरूले गाउँमै सम्मान, सुरक्षाको भावना र लाभ देखे भने फर्कन कुनै कारण बाँकी रहँदैन ।

> *गाउँ केवल जीवन बिताउने ठाउँ होइन, त्यो त संस्कार बनाउने थलो हो । गाउँ बाँच्दा मात्र देश बाँच्नेछ ।*

गाउँ रित्तिँदै जानु भनेको केवल बसाइँसराइको परिणाम होइन, त्यो आत्मीयताको बिछोड हो । गाउँले केवल जीवन बिताउने ठाउँ होइन, त्यो त संस्कार बनाउने थलो हो । गाउँ बाँच्दा मात्र देश बाँच्नेछ । सहर जतिसुकै झिलिमिली होस्, सहरले कहिल्यै पनि त्यो साँचो ‘घर’ दिन सक्दैन । त्यसैले, अब पनि हामीले गाउँ फर्कने बाटो समाएनौं भने भविष्यमा आफ्ना सन्तानलाई फोटो देखाउँदै भन्नुपर्नेछ - यो ठाउँ कहिल्यै मौन थिएन, त्यहाँ कहिल्यै मानिसको अभाव थिएन । त्यो दिन नआओस् भनेर, आज नै निर्णय गरौं, गाउँ फर्कौं, गाउँ बचाऔं ।

**(लेखक शैक्षिक, धार्मिक एवं सामाजिक अभियन्ताका रूपमा सक्रिय रहेका छन् ।)**

## इतिहासमा आज

२३ मार्च १९९६ मा ताइवानले आफ्नो पहिलो प्रत्यक्ष चुनाव गर्दै ली तेङ-हुईलाई राष्ट्रपतिको रूपमा चयन गरेको थियो ।



२३ मार्च २००८ मा भारतको हैदराबादमा राजीव गान्धी अन्तर्राष्ट्रिय विमानस्थलको आधिकारिक उद्घाटन गरिएको थियो ।



२३ मार्च २०१९ मा कजाखस्तानको राजधानी अस्तानाको नाम नुर-सुल्तान राखिएको थियो ।



२३ मार्च २०२१ मा एउटा कन्टेनर जहाज ६ दिनसम्म इजिप्टको सुएज नहरमा अड्किँदा नहरको पूर्ण आवतजावत अवरुद्ध भएको थियो ।



# आलु किसानको पीडा र समाधान

विचार



● रामप्रसाद पौडेल

> *किसानले संविधानले दिएको अधिकारअनुसार उचित मूल्य, स्थिर आम्दानी र सामाजिक सुरक्षा पाउनुपर्छ । कृषकको श्रमको मूल्य सुनिश्चित नगरेसम्म कृषि क्षेत्र दिगो विकास सम्भव छैन ।*

नेपाल कृषि प्रधान देश हो । यहाँ कृषकको श्रम र उत्पादनले देशको खाद्य सुरक्षा सुनिश्चित गर्दछ । तर विगत केही दशकदेखि किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । विशेषगरी काभ्रेपलाञ्चोकको मण्डनदेउपुर र पाँचखाल क्षेत्रका आलु किसान लागतभन्दा कम मूल्यमा उत्पादन बेच्न बाध्य छन् । यस्तो अवस्थामा कृषकको कानुनी अधिकार र न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्नु अत्यावश्यक देखिन्छ ।

नेपालको संविधान २०७२ले कृषकलाई स्पष्ट कानुनी मान्यता दिएको छ । संविधानको धारा ४१ अनुसार राज्यले कृषकको सुरक्षा, उत्पादनको उचित मूल्य, कृषि प्रविधि, मल र बीउको उपलब्धता सुनिश्चित गर्नुपर्छ । साथै, अनुदान, सहुलियत ऋण, बिमा र सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार पनि सुनिश्चित गरिएको छ । यसैगरी, संविधानको धारा २७ ले समान अधिकार र गैर-भेदभावको ग्यारेन्टी गर्दछ भने धारा ४७ र ५१ले कृषकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा कृषि पूर्वाधार विकासमा राज्यको जिम्मेवारी निर्धारण गरेका छन् ।

काभ्रेका मण्डनदेउपुर क्षेत्रमा करिब पाँच हजार हेक्टर र पाँचखाल क्षेत्रमा ६ हजार पाँच सय हेक्टर खेतीयोग्य जमिन रहेको अनुमान छ । यी दुई क्षेत्र मिलाएर करिब ११ हजार पाँच सय हेक्टर जमिनमा कृषि गतिविधि सञ्चालन भइरहेको छ । यसमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा करिब २० हजार किसान परिवार संलग्न छन् । औसतमा एक परिवारका चारदेखि पाँच सदस्य खेतीमा सक्रिय हुने हो भने करिब ८० हजारजनाले रोजगारी पाएका छन् । यसले यी क्षेत्रहरू ग्रामीण अर्थतन्त्रका महत्वपूर्ण आधार भएको देखाउँछ ।

उत्पादनको हिसाबले मण्डनदेउपुरमा वार्षिक करिब ३० हजार मेट्रिक टनसम्म र पाँचखालमा ३५ हजार मेट्रिक टनसम्म आलु उत्पादन हुन्छ । यसरी कुल उत्पादन करिब ६५ हजार मेट्रिक टनसम्म पुग्छ, जुन राष्ट्रिय आपूर्तिमा महत्वपूर्ण योगदान हो । तर उत्पादन बढ्दै जाँदा पनि किसानको आम्दानी घट्नु चिन्ताजनक अवस्था हो ।

विगतमा आलुको मूल्य प्रतिकिलो २५-३५ रुपैयाँसम्म पाइन्थ्यो । तर अहिले मल, बीउ, मजदुरी र ढुवानी खर्च बढेर उत्पादन लागत ३०-४० रुपैयाँ प्रतिकिलो पुगेको छ, जबकि बजारमा किसानले पाउने मूल्य १०-१५ रुपैयाँमा झरेको छ । यसरी किसानले आफ्नो लगानीको आधा पनि फिर्ता पाउन नसक्ने अवस्था छ ।

यस समस्याको प्रमुख कारण बजार व्यवस्थापनको कमजोरी हो । किसानले उत्पादन सिधै उपभोक्तासम्म पुऱ्याउने प्रभावकारी संयन्त्र छैन । बिचौलियाको नियन्त्रणमा रहेको बजारले किसानलाई कम मूल्यमा बेच्न बाध्य बनाएको छ भने उपभोक्ताले महँगो मूल्य तिर्नुपरेको छ । यसले बजारमा असन्तुलन सिर्जना गरेको छ ।

भण्डारण र प्रशोधनको अभाव अर्को ठूलो समस्या हो । अधिकांश किसानसँग ‘कोल्ड स्टोरेज’ सुविधा नभएकाले उत्पादन भएपछि तुरुन्तै बिक्री गर्नुपर्ने बाध्यता छ । यदि पर्याप्त भण्डारण सुविधा हुन्थ्यो भने किसानले उचित समयमा बिक्री गरेर राम्रो मूल्य पाउन सक्थे । प्रशोधन उद्योगको अभावले पनि कच्चा उत्पादनमै निर्भर रहनुपर्ने अवस्था छ ।

आयात नीति पनि किसानका लागि चुनौतीपूर्ण छ । स्थानीय उत्पादन पर्याप्त हुँदा पनि बाहिरबाट आउने सस्तो आलुले बजारमा प्रतिस्पर्धा बढाउँछ र मूल्य घटाउँछ । त्यसैले आयात व्यवस्थापनमा सन्तुलन आवश्यक छ । किसानले आफ्नो लगानी सुरक्षित गर्न सामूहिक रूपमा सहकारी वा समूहमार्फत उत्पादन र बिक्री गर्नुपर्छ । यसले बजारमा मूल्य निर्धारणमा उनीहरूको प्रभाव बढाउँछ । उत्पादन विविधीकरण, साना भण्डारण तथा प्रशोधन इकाइ स्थापना, र बजारसँग सिधा सम्पर्क (होटल, सुपरमार्केट, उपभोक्ता समूह)ले पनि आम्दानी बढाउन सहयोग पुऱ्याउँछ ।

सरकारका तीनै तहको समन्वित भूमिका अत्यावश्यक छ । स्थानीय सरकारले कृषि सडक, सिँचाइ, तालिम, बीउ तथा साना भण्डारण केन्द्र विकास निर्माण गर्ने, प्रदेश सरकारले कोल्ड स्टोरेज, बजार केन्द्र, ढुवानी प्रणाली, बिमा र सहुलियत ऋण दिने र केन्द्रीय सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन, आयात-निर्यात सन्तुलन, कृषि बजार सूचना प्रणाली विकास गर्न आवश्यक छ ।

काभ्रेका मण्डनदेउपुर र पाँचखालका किसानले संविधानले दिएको अधिकारअनुसार उचित मूल्य, स्थिर आम्दानी र सामाजिक सुरक्षा पाउनुपर्छ । कृषकको श्रमको मूल्य सुनिश्चित नगरेसम्म कृषि क्षेत्र दिगो विकास सम्भव छैन । जब सरकार, निजी क्षेत्र र किसानबीच सहकार्य हुन्छ, तब मात्र कृषि क्षेत्र आत्मनिर्भर, सशक्त र सम्मानित बन्न सक्छ ।

## सामाजिक सञ्जाल



**तारानाथ दाहाल**

नयाँ सरकारले थुप्रै खर्चालु संस्थाहरू खारेज गर्ने सोच बनाइरहेको हल्ला चलेको छ । यो राम्रो हो- लोकतान्त्रिक गभर्नेन्स भनेकै सिम्पलिफिकेशन र लिमिटेड गभर्नेन्स हो । मेरो सल्लाह- सबैभन्दा पहिला संविधान र कानूनले नचिनेको ‘राष्ट्रिय योजना आयोग’ खारेज गरौं र मन्त्रालय १५मा झारौं ।



**डम्बर खतिवडा**

के कसरी नियुक्त भए, भिन्नै कुरा, राज्यका पदमा नियुक्त भइसकेपछि हरेक नागरिकको कानूनी अधिकार बराबर हुन्छ, निकाले अदालत जान सक्छन् । रास्वपाले थर्काएर राजीनामा गराउनु भन्दा सरकार बदलिएसँगै राजनीतिक नियुक्ति खारेज हुने कानुन बनाए राम्रो । भोलि नियुक्ति हुनेहरूको हालत पनि त्यही त होला ।



**बद्री विनोद खनाल**

अब हेर्नुपर्छ नयाँ सरकारलाई । अब गाली गर्ने होइन । अबको गाली प्रतित्पादक हुन्छ । नयाँ आउनेहरूसँग पनि भिजन त होला नि । म मात्र जान्ने सुन्ने छु नठानौं । अब यो प्रतिस्पर्धाको मैदान होइन । अब विजेताले आफ्नो क्षमताअनुसारको कला देखाउने बेला आएको छ । सक्नेले सघाउ, नसक्ने बिगार नगरौं ।



**सुदर्शन कुमार खतिवडा**

बालेन्द्र शाह सरकारको पहिलो बैठकले गर्नुपर्ने निर्णयहरू- १) सम्पत्ति छानबिन शक्तिशाली आयोग गठन, २) नागरिकता छानबिन आयोग गठन, ३) अनुचित लेनदेन र मिटरबाजीलाई मिलापत्र होइन सिधै जेल र पीडितलाई तत्काल न्यायको निर्देशन र ४) बैंक तथा वित्तीय संस्थाको ज्यादती र सम्पत्ति हत्याउने नीतिमाथि कठोर प्रावधान ।

### प्रजिअमार्फत सरकारको ध्यानाकर्षण

# 'समानुपातिकमा मधेशी दलितको प्रतिनिधित्व शून्य हुनु असंवैधानिक'

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ चैत



मधेशी दलित युवा अभियन्ताहरूले प्रतिनिधि सभामा मधेशी दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न माग गर्दै सरकारको ध्यानाकर्षण गराएका छन्। आइतबार जिल्ला प्रशासन कार्यालय रौतहटमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग र राष्ट्रिय दलित आयोगलाई ध्यानाकर्षण पत्र बुझाउँदै उनीहरूले वर्तमान निर्वाचन परिणामले समावेशी लोकतन्त्रको उपहास गरेको बताएका हुन् ।

प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको पत्रमा नेपालको संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्याय र समानुपातिक समावेशी सिद्धान्तको बर्खिलाप हुनेगरी राजनीतिक दलहरूले उम्मेदवार छनोट गरेको आरोप लगाइएको छ । अभियन्ताहरूका अनुसार प्रतिनिधिसभाको पछिल्लो निर्वाचनको समानुपातिकतर्फको नतिजा र दलहरूले बुझाएको अन्तिम सूचीमा मधेशी दलित समुदायको उपस्थिति शून्य प्रायः छ । देशको कुल जनसंख्याको उल्लेख्य हिस्सा ओगट्ने र ऐतिहासिक रूपमा उत्पीडनमा परेको समुदायलाई नीति निर्माणको सर्वोच्च तहबाट बाहिर राखिनु अत्यन्तै दुःखद् र विभेदकारी छ, ध्यानाकर्षण पत्रमा भनिएको छ ।

दलित क्लस्टरभित्र पनि खासगरी पहाडी दलितको वर्चस्व रहने र मधेशी दलितलाई सधैं किनारामा पारिने परिपाटीले गर्दा यो समुदाय राज्यको मूल प्रवाहबाट झन् पछाडि धकेलिएको उनीहरूको तर्क छ।

निर्वाचन प्रणाली र दलहरूको उम्मेदवारी छनोट प्रक्रियामा सुधार गरी दलित कोटाभित्र पनि मधेशी दलितको निश्चित कोटा तोक्नुपर्ने, हालको निर्वाचनमा भएको प्रतिनिधित्वको शून्यतालाई पूर्ति गर्न आगामी नियुक्ति, मनोनयन र राजनीतिक संरचनाहरूमा मधेशी दलितलाई विशेष प्राथमिकता दिनुपर्ने, राज्यका हरेक अंगमा समानुपातिक समावेशी शब्दको वास्तविक कार्यान्वयनका लागि ठोस र बाध्यकारी कानुनी व्यवस्था मिलाउनुपर्ने उनीहरुको माग छ । ध्यानाकर्षण पत्र बुझाएपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै मधेशी दलित युवा अभियन्ताहरूले यो आफ्नो शान्तिपूर्ण आग्रह भएको र यसलाई बेवास्ता गरिए चरणवद्ध रूपमा दबाबमूलक आन्दोलनका कार्यक्रमहरू सञ्चालन गर्ने चेतावनी दिएका छन् । 'हामी केवल अधिकारको भिक्षा मागिरहेका छैनौं, संविधानले दिएको हक खोजिरहेका छौं,' एक अभियन्ताले भने । उक्त कार्यक्रममा रौतहट जिल्लाका विभिन्न क्षेत्रका दलित अधिकारकर्मी र युवाहरूको उल्लेख्य सहभागिता रहेको थियो । ध्यानाकर्षण पत्रको बोधार्थ निर्वाचन आयोग, कान्तिपथ र राष्ट्रिय दलित आयोग, ललितपुरलाई समेत पठाइएको सुबोधकुमार पासवानले जनाए ।

# अर्घाखाँचीमा 'स्वर्णविन्दु प्राशन' कार्यक्रम

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ चैत




अर्घाखाँचीमा आयुर्वेद चिकित्सा प्रणालीअन्तर्गत बालबालिकाको स्वास्थ्य सुदृढीकरणका लागि महत्वपूर्ण मानिने 'स्वर्णविन्दु प्राशन' कार्यक्रम सञ्चालन हुने भएको छ ।

जन्मेदेखि ५ वर्षसम्मका बालबालिकालाई लक्षित गरी सुरु गर्न लागिएको कार्यक्रमले बालबालिकाको रोगप्रतिरोधात्मक क्षमता वृद्धि, शारीरिक तथा मानसिक विकासमा सहयोग पुऱ्याउने विश्वास गरिएको जिल्ला आयुर्वेद अस्पतालका प्रमुख कमल आचार्यले जानकारी दिए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले आयुर्वेदअन्तर्गतको स्वर्ण विन्दु प्राशन अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै यसलाई जिल्लाभरका सबै पालिका र वडामा विस्तार गर्नु सुझाव दिएका थिए । परम्परागत उपचार पद्धतिलाई आधुनिक सन्दर्भसँग जोडेर जनस्वास्थ्यमा सुधार ल्याउन सकिने कोइरालाको भनाइ छ । अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र सञ्चालक समितिका सदस्य समाजसेवी कमला खनाल भण्डारीले अहिले प्रदेश सरकारको सहयोग हुन लागेको कार्यक्रमले आयुर्वेदप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै परम्परागत उपचार पद्धतिको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास नागरिकले लिएको बताइन् । कार्यक्रमको सहजीकरण प्रादेशिक आयुर्वेद चिकित्सालय दाङका बाल रोग विशेषज्ञ डाक्टर अर्जुनराज शर्माले स्वर्ण विन्दु प्राशनको वैज्ञानिक तथा आयुर्वेदिक महत्वबारे प्रकाश पारेका थिए ।

सन्धिखर्क नगरपालिका वडा नम्बर १ र २ मा रहेका १ वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई यही चैत १४ गते, पुष्य नक्षत्रको शुभ साइत पारेर स्वर्णविन्दु प्राशन गरिने जिल्ला आयुर्वेद कार्यालय अर्घाखाँचीका प्रमुख कमलप्रसाद आचार्यले मध्यान्हलाई जानकारी दिए। स्वर्ण (सुन) र मह तथा घिउको संयोजनबाट तयार गरिने यस औषधिले बालबालिकाको स्मरण शक्ति बढाउने, बुद्धि विकासमा सहयोग गर्ने तथा मौसमी रोगसँग लड्ने क्षमता बढाउने डाक्टर शर्माको भनाइ छ । नियमित रूपमा निश्चित समय अन्तरालमा गरिने स्वर्ण प्राशनले बालबालिकाको समग्र स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अर्घाखाँची अस्पतालका डाक्टर खगेन्द्र आचार्यले बताए ।

आयुर्वेद चिकित्सा पद्धतिमा हजारौं वर्षदेखि प्रयोग हुँदै आएको स्वर्ण प्राशनलाई विशेषगरी नवजात तथा साना बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि प्रभावकारी मानिन्छ । यसले शरीरको रोग प्रतिरोधात्मक प्रणाली बलियो बनाउनुका साथै मानसिक एकाग्रता र स्मरण क्षमतामा समेत सुधार ल्याउने विश्वास छ । पछिल्लो समय आधुनिक चिकित्सा प्रणालीसँगै आयुर्वेदप्रतिको आकर्षण बढ्दै गइरहेका बेला यस्तो कार्यक्रमले जिल्लामा स्वास्थ्य क्षेत्रले फड्को मारेको विश्लेषण गरिएको पत्रकार अशोक खनालले बताए ।

# १४ दिनपछि भेटियो बालिकाको शव

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ८ चैत

रुकुम पश्चिमको मुसिकोट नगरपालिका-१३ छिवाङ चौतारास्थित सानीभेरी नदी किनारामा १६ दिनपछि एक बालिकाको शव फेला परेको छ ।

आइतबार दिउँसो नदीमा डुवेको अवस्थामा १३ वर्षीया सपना ओलीको शव फेला परेको हो । शव देखिपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । खबर पाएलगत्तै जिल्ला प्रहरी कार्यालयबाट प्रहरी टोली घटनास्थल पुगेको र शवको पहिचान भैसकेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी हरिप्रसाद पुनले बताए ।

पुनका अनुसार प्रहरीले शवको बारेमा स्थानीयसँग सोधिखोजी गरेको थियो ।

गत फागुन २५ गते सानीभेरी नदिमा बेपत्ता बाँफिकोट गाउँपालिका ३ भाग्लेकी सपना ओलीको रहेको प्रहरीले जनाएको छ ।

**काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी २१ दिने सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८२/१२/९ गते**

कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा १ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल १३९ थान गोलिया १२०८.५ क्युफिट, जम्मा १३९ थान गोलिया १२०८.५ क्यु फिट काठ दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री दुर्गा सामुदायिक वन उपभोक्ता समूह मोहन्याल गाउँ पालिका वडा १, कैलाली**

**भूल सुधार**

मिति २०८२/१२/०६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस मेनपावर कम्पनीको मलेसियाको लागि शुन्य लागतको रोजगार शीर्षक, कम्पनीको नाम : **SONG LIN GARMENT SDN BHD, L.T. No.: 340078, चलानी नं.: ६०२५३५१६** र **पूर्व स्वीकृत मितिः २०८२/१२/०५** भएको विज्ञापनमा अन्तर्वार्ता दियालो फुड्ल्याण्ड पार्टी प्यालेसमा २०८२ चैत १६ र १७ गते (March 30 & 31) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

CARAVAN EMPLOYMENT SERVICES PVT. LTD.
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
श्रम इजाजत नं. ३६३/०५९/०६०
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com

## सामाजिक विकास कार्यालय
### धनगढी, कैलाली

**E-Bidding मार्फत बोलपत्र आवह्नान सम्बन्धी सूचना**

**पहिलो पटक प्रकासित मितिः २०८२/१२/०९**

यस कार्यलायको आ.व.२०८२/०८३ को स्वीकृत कार्याक्रम अन्तर्गत तपसिल कार्य गर्नुपर्ने भएको हुँदा इच्छुक/इजाजत प्राप्त फर्म/कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ।

| S.N | Contrac Identification Number | Description of Work |
|---|---|---|
| 1 | SDO/WORKS/ NCB/2082/083/60 | Pahadipur Samudayak Adhuro Bhawan Nirman, Janaki-08, Kailali |
| 2 | SDO/WORKS/ NCB/2082/083/61 | Birendra Bidhya Bahumukhi Campus ko Bhautik Sanrachana Nirman, Tikapur Kailali |
| 3 | SDO/WORKS/ NCB/2082/083/62 | Tikapur Bahumukhi Campus ko Bhautik Sanrachana Nirman Tathaa Marmat , Tikapur-01, Kailali |
| 4 | SDO/WORKS/ NCB/2082/083/63 | Aamako Maya Chhatraa Bass Bhautik Sancharana Nirman, Dhangadhi |
| 5 | SDO/WORKS/ NCB/2082/083/64 | Chayabhaawar Aadharbhut Swasthya Kendrako Dosro Tala thap, Mohanyal Ga Pa-01, Kailali |
| 6 | SDO/WORKS/ NCB/2082/083/65 | Falebisawna Malika Mahila Samudayakko Adhuro Bhawan Nirman, Mohanyal Ga Pa, Kailali |
| 7 | SDO/WORKS/ NCB/2082/083/66 | Baal Sewa Ma Vi Ko Bhautik Sanrachana Nirman, Lamki-07, kailali |
| 8 | SDO/WORKS/ NCB/2082/083/67 | Nawajiwan Ma Vi Ko Bhautik Sanrachana Nirman, Lamkichuha-04 kailali |
| 9 | SDO/WORKS/ NCB/2082/083/68 | Rastriya Ma Vi Thapapurko Bhawan Ko Tala Thap Niram, Lamki-05, Kailali |
| 10 | SDO/WORKS/ NCB/2082/083/69 | Chaumala Bahumukhi Ko Adhuro Bhawan Nirman, Gauriganga Kailali |
| 11 | SDO/WORKS/ NCB/2082/083/70 | Daxinkaali Bahira Aawasiya Bidhyalako Chaatrawass Bhawan Nirman, Dhangadhi Kailali |
| 12 | SDO/WORKS/ NCB/2082/083/71 | Shree Amar Sahid Ismirti Ma Vi Ko Khelmaidan Mato Pataani, Adhuro Gherbaar Nirman, Ghodaghodi Kailali |
| 13 | SDO/WORKS/ NCB/2082/083/72 | Shree Sarada Ma Vi Namuna School Ko Sanrachana Nirman, Dhangadhi-12, Kailali |

## Ramaroshan Rural Municipality
## Office of The Municipal Executive

**Shantada, Achham**
**Sudurpashchim Province Nepal**

**Invitation for Electronic Bids**

**Date of publication : 23/03/2026**

Ramaroshan Rural Municipality, Achham invites open competitive bidding from the eligible Nepalese bidders for the procurement mentioned below.

| Description of Work and Contract ID | Estimated Cost NRs.(With Vat) | Bid Security Amount(NRs.) | Bid validity period/Bid security period/Bid security fee |
|---|---|---|---|
| Procurement, supply, Delivery and Installation of ICT Related Items (RRM/NCB/GOODS/2082/83-03) | 1,82,33,490/- | 4,60,000/- | 90days/120days/NRs.3000 |

Electronic bid must be submitted on or before 22/04/2026 at 11:45 AM (NST) and the bid will be opened at 1:15 PM on the same day. For Further Details visit: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

सुदुरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
राजपुर, डोटी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२ चैत्र ९ गते**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटी अन्तर्गत अछाम जिल्लामा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुको निर्माण तथा सप्लाई सम्बन्धि कार्यका लागी मिसन टुडे राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np/egp मा मिति २०८२ फाल्गुण ०५ गते प्रकाशित सूचना अनुसार तोकिएको मिति भित्र रितपुर्बक दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कीत सारभूतरुपमा प्रभावग्राही देखिन आएका तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा दफा २७ (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि एस सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | WSSDO-Doti/NCB/ Goods/10/082/083/Doti/Doti | नेपाल ब्याकगोल्ड एण्ड एलिडेड ईन्ड्रस्ट्रिज प्रा. लि बुटवल | ६२,३६,१०२.७५ | |
| २ | WSSDO-Doti/NCB/ works/02/082/083/ Doti/Achham | पद्मरत्न कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली अछाम | ४७,६२,१३३.८६ | |
| ३ | WSSDO-Doti/NCB/ works/03/082/083/ Doti/Achham | के यस ए कन्स्ट्रक्सन पञ्चदेवल बिनायक २ अछाम | ४०,७९,४४५.६० | |
| ४ | WSSDO-Doti/NCB/ works/04/082/083/ Doti/Achham | सुर्य निर्माण सेवा एण्ड अडर्स सप्लायर्स कालिकोट | ७९,४८,००६.३९ | |

**डिभिजन प्रमुख**

## संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय,सुर्खेत

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः- २०८२/१२/०९**


यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.क. र पि. एस बाहेक) |
|---|---|---|---|
| FUDBC/Surkhet/ Works/NCB/ 02/082-83 | *Construction of Himalaya Secondary School building and procurement of digital instruments at Simta-9 cholpa, Surkhet* | Nandadevi /G.M.P/ Tila JV Bardiya | २,१५,९६,६२१/५१ |
| FUDBC/Surkhet/ Works/NCB/ 03/082-83 | *Construction of Dipmala Primary School at Birendranagar Municipality-1, Surkhet* | ANS/SNS/MB JV Kathmandu | १,८८,५४,०४९/६७ |
| FUDBC/ Surkhet/Works/ NCB/10/082/083 | *Construction of Remaining works of Simarakma Birthing Center Building, Jajarkot after contract termination* | Dharma Construction Sewa,Rukums | ३५,३४,३५९/५३ |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# निफको उद्घाटन कार्यक्रममा 'शोले'का निर्देशक सिप्पीको विशेष उपस्थिति रहने




**काठमाडौं/मस-** भारतका चर्चित निर्देशक, निर्मात र कलाकार रमेश सिप्पी नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)मा उद्घाटन समारोहमा विशेष उपस्थित रहने भएको छ। निफका अध्यक्ष केपी पाठकका अनुसार उनी उद्घाटन कार्यक्रममा विशेष उपस्थिति जनाउन नेपाल आउने पक्का भएको हो ।

निफमा सहभागी हुने निर्देशक सिप्पीले भारतीय फिल्मको यात्रा, आफ्नो फिल्मी यात्रा र अनुभवबारे नेपाली फिल्म मेकर र दर्शकमाझ सेयर गर्ने कार्यक्रम पनि राखिएको अध्यक्ष पाठकले जनाए ।

पाठकले भने, 'नेपाली-भारतीय मेकरहरूको सम्बन्ध विस्तार र दिग्गज व्यक्तित्वको अनुभवले भारतीय फिल्म मेकिङको अनभुवले नेपाली मेकरहरूलाई बलिउड बजारबारे पक्कै केही जानकारी मिल्ने भएकाले उहाँलाई निफमा ल्याउने प्रस्ताव गरेका थियौं । उहाँले स्वीकार गर्नुभयो ।'

रमेश सिप्पीले दर्जनभन्दा बढी फिल्म निर्देशन गरेका छन् । बलिउडमा कोसेढुंगाका रूपमा साबित भएको फिल्म 'शोले' उनकै निर्देशनमा बनेको हो । पछिल्लो समय उनले निर्देशन गरेको फिल्म 'सिम्ला मिर्ची' सन् २०२०मा प्रदर्शनमा आएको थियो । उनी दर्जनौं फिल्मको निर्माता र केही फिल्ममा कलाकार बनेका समेत छन् ।

सिप्पली आफ्नो निर्देशनमा बनेका फिल्महरूमा शाहरुख खान, अमिताभ बच्चन, सञ्जय दत्त, ज्याक्की श्राफ, मिथुन चक्रवर्ती, ऋषि कपुर, दिलीप कपुर, शशि कपुर, धर्मेन्द्र र राजेश खन्नालगायत बलिउड स्टारलाई अभिनय गराएका छन् ।

नवौं संस्करणको निफ चैत १९ बाट काठमाडौं हुँदै छ । आयोजकका अनुसार निफमा ४० देशका ८८ फिल्म देखाइनुका साथै फरक-फरक विषयमा १० वटा अन्तरक्रियात्मक कार्यक्रमहरू गरिनेछ ।

## 'सेतो धरती'मा डेब्यु गर्दै बेनिशा

**काठमाडौं/मस-** अभिनेत्री बेनिशा हमाललाई अब नाटकमा देख्न पाइने भएको छ ।

चर्चित उपन्यास 'सेतो धरती'मा आधारित नाटकमा उनले अभिनय गर्न लागेकी हुन् । उनको यो डेब्यु नाटक हुनेछ। कान्तिपुर फिल्म एकेडेमीको कान्तिपुर थिएटरमा मञ्चन हुने यस नाटकमा बेनिशाले ताराको भूमिका निर्वाह गर्नेछिन् ।

एक महिना लामो अस्ट्रेलिया बसाइँपछि यसै साता नेपाल आएकी उनलाई शनिबार कान्तिपुर एकेडेमीले नाटकमा अनुबन्धित गरेको हो ।

उनले अबको २ महिना नाटकलाई समय दिनेछिन् । यो बीचमा उनी कुनै फिल्मको छायांकनमा नजोडिने बताइएको छ । नाटकमा अनुबन्धित भएसँगै उनी स्क्रिप्ट अध्ययन र पात्रको तयारीका लागि टिमसँग वर्कसपमा बसिसकेकी छन् । कान्तिपुर थिएटरले यसअघि रेखा थापा र विशाल पहारीलगायत कलाकार अभिनीत 'मीरा', जीवन लुइँटेल र सनिशा भट्टराईको डेब्यु नाटक 'शिरीषको फूल' तथा उषा रजक र राज न्यौपानेलगायतको अभिनय रहेको 'महारानीको जात्रा'को सफलतापूर्वक मञ्चन गरिसकेको छ । 'सेतो धरती' कान्तिपुर थिएटरमा मञ्चन हुने चौथो नाटक हुनेछ ।



कान्तिपुर फिल्म एकेडेमी तथा थिएटरका सीइओ प्रकाश पुरीले लेखक अमर न्यौपानेबाट अधिकार लिएर 'सेतो धरती'लाई नाटकको रूपमा मञ्चन गर्न लागिएको बताए ।


### राहदानी हराएको सूचना

मिति २०८१।१२।२० गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: KRISHNA BARALI
पूरानो राहदानी नं.: 07340023
ठेगाना: Buddhanagar, Bharatpur Metropolitan City 27, Chitwan
सम्पर्क: 9849276707

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/०९**

यस कम्पनीको मिति २०८२/१२/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी कौशल सपोर्ट एण्ड सोलुसन्स प्रा.लि. (Kaushal Support and Solutions Private Limited) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाममा के. एस. एस. प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३१९९०८/०८०/०८१) (K.S.S. Private Limited) को कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्टारको कार्यालयको मिति २०८२/१२/०५ गतेको निर्णय बमोजिम नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**के. एस. एस. प्राइभेट लिमिटेड**
**काठमाण्डौं महानगरपालिका-९, काठमाडौं**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पिडारीचौक शाखा, जनकपूर उपमहानगरपालिका, जनकपूर
सम्पर्क फोन: + ९८०१९८२१०८, ९८०१९८२१०९

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री फेकू यादवको नाति, यदूनी यादवको छोरा, मधेश प्रदेश महोत्तरी जिल्ला, लोहरपट्टी नगरपालिका बगडा वडा नं.२ हाल पिडारीचौक जनकपूर ८ धनुषा बस्ने ७५ वर्षको श्री महेन्द्र यादवको मिति २०८२/०६/२३ (ई.सं. ०९/१०/२०२५) मा मृत्यु भएकोले स्व महेन्द्र यादवको छोरी हाल जनकपूर उपमहानगरपालिका वडा नं.८ बस्ने श्रीमती अन्जू कूमारी यादवले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पिडारीचौक शाखा, जनकपूर उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
नयाँपुल शाखा, अन्नपूर्ण गाउँपालिका, कास्की
सम्पर्क फोन: + ९७७-०६१-५०२०८४/८५/८६

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री जसबिर कामीको नाति, धनलाल कामीको छोरा, गण्डकी प्रदेश कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ८ बस्ने ८२ वर्षको श्री छाने कामीको मिति २०८१/०५/२५ (ई.सं. १० /०९/२०२४) मा मृत्यु भएकोले स्व. छाने कामीकी पत्नी हाल वडा नं. ५ बस्ने श्रीमती भद्र कुमारी कामीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको नयाँपुल शाखा, अन्नपूर्ण गाउँपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



### सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
### धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/१२/०९**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लहान सिरहाबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८२/०१/११ गतेको मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८२/१०/२१ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, मिति २०८२/११/२६ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि पुन: यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लाहान सिरहामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा, चालु पुँजी कर्जा, आवधिक कर्जा र अल्पकालिन आवधिक कर्जा**

**ऋणीको फर्मको नाम र ठेगाना**
ऋणीको नाम : **सोहानी ट्रेडर्स**
रजिष्टर्ड ठेगाना : पातो -१, सप्तरी
रजिष्ट्रेसन नं. : २१२५/०७०/०७१ (नेपाल सरकार, वाणिज्य आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा व्यवस्थापन विभाग ।)
पान नं. : ६०१५०९६४३ (सप्तरी)

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**
नाम : **इकामुल हक**
बाबु : मो. आसिन मियाँ
बाजे : मो. नथुनी मियाँ
ठेगाना : भुतही गा.वि.स. वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : २४८१
जारी मिति : २०६२/०२/२२
जि.प्र.का. : सप्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : **मो. आसिन मियाँ**
बाबु : नथुनी मियाँ
पत्नी : नवुदन खातुन
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं.०५, सप्तरी
ना.प्र.नं. : ५१८५
जारी मिति : २०४६/०३/०९
जि.प्र.का. : सप्तरी

२. नाम : **करामत हुसैन**
बाबु : मो. आसिन मियाँ
बाजे : मो. नथुनी मियाँ
ठेगाना : पातो गा. वि. स. वडा नं. ०१, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६१०८८/६४९
जारी मिति : २०७०/०१/२७
जि.प्र.का. : सप्तरी

३. नाम : **नवुदन खातुन**
बाबु : किताबली मियाँ
पती : आसिन मियाँ
ससुरा : नथुनी मियाँ
ठेगाना : भुतही गा.वि.स. वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : ७१०२४६००
जारी मिति : २०४४/१२/०१
जि.प्र.का. : सप्तरी

४. नाम : **नियामुल हक**
बाबु : मो. आसिन मियाँ
पत्नी : सबनम निसा
बाजे : नथुनी मियाँ
ठेगाना : पातो गा.वि.स.वडा नं. ०१, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६३०८८/६५
जारी मिति : २०६३/१०/१७
जि.प्र.का. : सप्तरी

५. नाम : **सबनम निसा**
बाबु : मो. सकिम मियाँ
पती : नियामुल हक
ससुरा : मो.आसिन मियाँ
ठेगाना : मलेठ गा.वि.स. वडा नं. ०७, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६३०५६/१८
जारी मिति : २०६३/१०/०२
जि.प्र.का. : सप्तरी

६. नाम : **सगिरा खातुन**
बाबु : गुलाम रसुल मियाँ
पति : इकामुल हक
ससुरा : आसिन मियाँ
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : ४२५८
जारी मिति : २०६२/०६/०३
जि.प्र.का. : सप्तरी

**२. कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा र आवधिक कर्जा**

**ऋणी फर्मको नाम र ठेगाना**
ऋणीको नाम : **करामत किराना पसल**
रजिष्टर्ड ठेगाना : पातो -१, सप्तरी
रजिष्ट्रेसन नं. : ८०२/०६७/०६८ (नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग ।)
पान नं. : ३०४३३१९९६ (सप्तरी)

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**
नाम : **नवुदन खातुन**
बाबु : किताबली मियाँ
पती : आसिन मियाँ
ससुरा : नथुनी मियाँ
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : ७१०२४६००
जारी मिति : २०४४/१२/०१
जि.प्र.का. : सप्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : **मो. आसिन मियाँ**
बाबु : नथुनी मियाँ
पत्नी : नवुदन खातुन
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं.०५, सप्तरी
ना.प्र.नं. : ५१८५
जारी मिति : २०४६/०३/०९
जि.प्र.का. : सप्तरी

२. नाम : **करामत हुसैन**
बाबु : मो. आसिन मियाँ
बाजे : मो. नथुनी मियाँ
ठेगाना : पातो गा. वि. स. वडा नं. ०१, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६१०८८/६४९
जारी मिति : २०७०/०१/२७
जि.प्र.का. : सप्तरी

३. नाम : **इकामुल हक**
बाबु : मो. आसिन मियाँ
बाजे : मो. नथुनी मियाँ
ठेगाना : भुतही गा.वि.स. वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : २४८१
जारी मिति : २०६२/०२/२२
जि.प्र.का. : सप्तरी

४. नाम : **नियामुल हक**
बाबु : मो. आसिन मियाँ
पत्नी : सबनम निसा
बाजे : नथुनी मियाँ
ठेगाना : पातो गा.वि.स.वडा नं. ०१, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६३०८८/६५
जारी मिति : २०६३/१०/१७
जि.प्र.का. : सप्तरी

५. नाम : **सबनम निसा**
बाबु : मो. सकिम मियाँ
पती : नियामुल हक
ससुरा : मो.आसिन मियाँ
ठेगाना : मलेठ गा.वि.स. वडा नं. ०७, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६३०५६/१८
जारी मिति : २०६३/१०/०२
जि.प्र.का. : सप्तरी

६. नाम : **सगिरा खातुन**
बाबु : गुलाम रसुल मियाँ
पति : इकामुल हक
ससुरा : आसिन मियाँ
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : ४२५८
जारी मिति : २०६२/०६/०३
जि.प्र.का. : सप्तरी

**३. कर्जा शिर्षक : महिला उद्यमी कर्जा**

**ऋणीको फर्मको नाम र ठेगाना**
ऋणीको नाम : **समिर जेनरल स्टोर**
रजिष्टर्ड ठेगाना : डाक्नेश्वरी न.पा. ०५, सप्तरी
रजिष्ट्रेसन नं. : ९१४७/२०७८/०७९ (नेपाल सरकार, प्रदेश २ नेपाल, उधोग पर्यटन वन तथा वातावरण मन्त्रालय, उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उधोग कार्यलय, राजविराज, सप्तरी ।)
पान नं. : ६१६३७१९०९ (सप्तरी)

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**
नाम : **सगिरा खातुन**
बाबु : गुलाम रसुल मियाँ
पति : इकामुल हक
ससुरा : आसिन मियाँ
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : ४२५८
जारी मिति : २०६२/०६/०३
जि.प्र.का. : सप्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : **मो. आसिन मियाँ**
बाबु : नथुनी मियाँ
पत्नी : नवुदन खातुन
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं.०५, सप्तरी
ना.प्र.नं. : ५१८५
जारी मिति : २०४६/०३/०९
जि.प्र.का. : सप्तरी

२. नाम : **करामत हुसैन**
बाबु : मो. आसिन मियाँ
बाजे : मो. नथुनी मियाँ
ठेगाना : पातो गा. वि. स. वडा नं. ०१, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६१०८८/६४९
जारी मिति : २०७०/०१/२७
जि.प्र.का. : सप्तरी

३. नाम : **नबुदन खातुन**
बाबु : किताबली मियाँ
पती : आसिन मियाँ
ससुरा : नथुनी मियाँ
ठेगाना : भुतही गा.वि.स.वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : ७१०२४६००
जारी मिति : २०४४/१२/०१
जि.प्र.का. : सप्तरी

४. नाम : **नियामुल हक**
बाबु : मो. आसिन मियाँ
पत्नी : सबनम निसा
बाजे : नथुनी मियाँ
ठेगाना : पातो गा.वि.स.वडा नं. ०१, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६३०८८/६५
जारी मिति : २०६३/१०/१७
जि.प्र.का. : सप्तरी

५. नाम : **सबनम निसा**
बाबु : मो. सकिम मियाँ
पती : नियामुल हक
ससुरा : मो.आसिन मियाँ
ठेगाना : मलेठ गा.वि.स. वडा नं. ०७, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : १६३०५६/१८
जारी मिति : २०६३/१०/०२
जि.प्र.का. : सप्तरी

६. नाम : **इकामुल हक**
बाबु : मो. आसिन मियाँ
पत्नी : सगिरा खातुन
बाजे : मो. नथुनी मियाँ
ठेगाना : भुतही गा.वि.स. वडा नं. ०६, सप्तरी
हाल : डाक्नेश्वरी न.पा.वडा नं. ०५, सप्तरी
ना.प्र.नं. : २४८१
जारी मिति : २०६२/०२/२२
जि.प्र.का. : सप्तरी

**माथि उल्लिखित ऋणीहरु सोहानी ट्रेडर्स, करामत किराना पसल र समिर जेनरल स्टोरले उपभोग गरेको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तीको विवरण:**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं/ नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सप्तरी | औरही | ८ | १०७४ | ०-०-५ | नबुदन खातुन | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | | १०७५ | ०-०-५ | | |
| | | | | १३१२ | ०-०-३.५ | | |
| | | | | १०१६ | ०-०-५.५ | | |
| | | पातो | १ख | ८८५ | ०-०-५ | | |
| | | | | ८८७ | ०-०-५ | | |
| | | | | १३९४ | ०-०-७.२५ | | |
| | | | | ४४९ | ०-०-७ | | |
| २. | सप्तरी | पातो | १ख | ५१६ | ०-०-७ | सगिरा खातुन | |
| ३. | सप्तरी | पातो | १ख | १०४२ | ०-०-७ | इकामुल हक | |
| | | | | ११८२ | ०-०-७ | | |

माथि उल्लेखित चल/अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा वा शाखा कार्यालय लाहान, सिरहामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/१२/१६ गते, सोमबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लाहान, सिरहा ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR



**Malaysia मा रोजगार** WALIAN FOOD INDUSTRIES SDN. BHD.

पुर्व स्वीकृती मिति: २०८२/१२/८ — चलानी नं. ६०२५३५८८ — LT No.: 340131

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 5 | 0 | [illegible] | 1700 | ६४,६१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ चैत्र १६ गते (30 March, 2026) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ ।

Liverpool H.R. Solution Pvt. Ltd.
Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com

**SAUDI मा रोजगार** ESC limited CO

पुर्व स्वीकृती मिति: २०८२/१२/५ — चलानी नं. : ६०२५३५७८ — LT No. 340097

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading Unloading Labor | 2 | [illegible] | 1000 | ३९,८७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ चैत्र १६ गते (30 March, 2026) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

# शतकप्रेरित आर्मी र एपिएफ विजयी



**काठमाडौं/मस-** विभागीय टोली त्रिभुवन आर्मी र एपिएफ क्लबले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुखद् सुरुआत गरेका छन् । मूलपानीमा आइतबार भएको खेलमा आर्मीले विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिस क्लबलाई २२ रनले हराउँदा एपिएफले बागमती प्रदेशलाई ७१ रनले पराजित गऱ्यो । आर्मीको जितमा बसिर अहमद र एपिएफको जितमा आसिफ शेखले शतक बनाए । दुवै म्यान अफ दी म्याच पनि भए । प्रधानमन्त्री कपको यस संस्करण काठमाडौं र मधेश प्रदेशका दुई जिल्ला वीरगन्ज र जनकपुरमा भइरहेको छ । मधेशबाट सुरु भएको पहिलो दिनको खेल वर्षाका कारण हुन सकेन । काठमाडौंमा आइतबार तल्लो मूलपानीमा आर्मी र पुलिसबीच भएको खेल ४७ औं ओभरमा झरिएको थियो । भिजेको मैदानका कारण टसमा ढिलाइ हुँदा ओभर घटाइएको हो । गत हप्ता मात्र जय ट्रफी (दुई/तीन दिवसीय फरम्याट)मा आर्मी र पुलिसबीच फाइनलमा प्रतिस्पर्धा भएको थियो ।

पुलिसले फाइनलमा लगातार दोस्रोपल्ट आर्मीलाई हराउँदै उपाधि उचालेको हो । तर, प्रधानमन्त्री कपमा भने आर्मीले त्यसको बदला लिंदा पुलिसलाई हराउन सफल भयो । बसिर अहमदको शतकमा आर्मीले दुई सय ४४ रनको बलियो लक्ष्य दियो । जवाफी ब्याटिङ गरेको पुलिस ४५.३ ओभरमा दुई सय २१ रनमा अलआउट हुन पुग्यो । ओपनर दिनेश खरेल शून्यमा र अमित श्रेष्ठ ५ रनमा आउट भए ।

यससँगै पुलिसको सुरुआत राम्रो हुन सकेन । ११ ओभरमा पुलिस ७/२ को अवस्थामा थियो । तेस्रो विकेटका लागि ओपनर शंकर राना र रासिद खानबीच एक सय ४ रनको महत्वपूर्ण साझेदारी बन्यो । २३औं ओभरमा स्पिनर साहब आलमले शंकरलाई ४६ रनमा आउट गर्दै साझेदारी तोडे ।

शंकरले ५५ बलमा पाँच चौका र एक छक्का प्रहार गरे । रासिद ६० रनमा नरेन भट्टको बलमा बोल्ड भए । २८औं ओभरमा स्पिनर नरेनले उनलाई बोल्ड गरेका हुन् । रासिदले ८२ बलमा पाँच चौका र दुई छक्का हिर्काए । कप्तान आरिफ शेखले ३३ रन र करण केसीले २३ रन बनाए । त्यसबाहेक अन्य ब्याटर चल्न सकेनन् र पुलिसले हार व्यहोर्‍यो । आर्मीको बलिङमा नरेन साउदले तीन तथा आकाश चन्दले दुई विकेट लिँदा कुशल मल्ल, साहब आदम, बसिर अहमद र पवन कार्कीको नाममा समान एक विकेट रह्यो । अलराउन्ड प्रदर्शन गरेका बसिर म्यान अफ दी म्याच पनि भए । त्यसअघि टस जितेर आर्मीले पहिले ब्याटिङ गर्ने निर्णय गर्‍यो ।

मध्य क्रमका ब्याटर चम्कँदा पूरै ओभरमा आर्मीले आठ विकेट गुमाउँदै दुई सय ४३ रनको योगफल बनायो । आर्मीको पनि खराब सुरुवात भयो । १६.२ ओभरमा आर्मी ५८/४ को अवस्थामा थियो । तर, मध्य क्रमका ब्याटर बसिरले एक सय रन र भीम सार्कीले ६२ रनको महत्वपूर्ण इनिङ खेले । यी दुईले पाँचौं विकेटका लागि ८२ रनको साझेदारी गरे । ३१ औं ओभरमा सारवान यादवले भीमलाई आउट गरेपछि आर्मीको इनिङ फेरि धरमरायो । तर युवा ब्याटर नरेनले अविजित २१ रनको योगदान दिँदै आर्मीको इनिङमा साथ दिए । उनी र बसिरबीच सातौं विकेटका लागि ८० रनको महत्वपूर्ण साझेदारी बन्यो । अन्तिम ओभरमा आउट भएका बसिरले ८६ बलमा सात चौका र दुई छक्का प्रहार गरे ।

पुलिसको बलिङमा सारवानले तीन तथा सागर ढकाल र रासिद खानले दुई विकेट लिँदा ललित राजवंशीको नाममा एक विकेट रह्यो । मूलपानी क्रिकेट मैदानमा भएको खेलमा एपिएफको जितमा ओपनर आसिफ शेखले शतक बनाए । उनको शतकमा एपिएफले दुई सय ७२ रनको लक्ष्य दियो । जबाफमा खराब ब्याटिङ गरेको बागमती ४५.१ ओभरमा दुई सय रनमा अलआउट भयो । खराब सुरुआत गरेको बागमती समालिन नै सकेन । नियमित रूपमा विकेट गुमाएपछि सहजै नतिजा सुम्पियो । मध्य क्रमका ब्याटर विवेक राना मगर ३४ रन जोडे । यो नै सर्वाधिक ठुलो व्यक्तिगत स्कोर रह्यो । उत्तम थापा मगर २६ र शिभम तिवारी २५ रनमा आउट भए । तल्लो क्रमका ब्याटरद्वय सुवास खत्री २७ र रिजन ढकालले २० रन जोड्दै बागमतीको योगफल दुई रनसम्म पुऱ्याएका हुन् ।


## प्रभु बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति विक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/१२/०९ गते सोमबारको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको स्वामित्वमा रहेका तपसिल बमोजिमका सम्पत्ति (घर/जग्गाहरु) जे-जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी वोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान, कार्यालय बबरमहल, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रित पूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैंकसमक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिन अर्थात् तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन ठिक ३:०० बजेसम्म कारोबार गरी सोही स्थान र समयमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र बैकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा सम्पर्क गर्नु होला ।

**तपसिल**

**बिक्री हुने गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण :**

१. मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेका ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ६ नक्सा सिट नं. ६, स्थित कि. नं. १४८४ क्षेत्रफल ०-३-१-१ (रोपनी) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१
२. मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला अर्त्रौली गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३ग, स्थित कि.नं. २५८ क्षेत्रफल ०-१७-५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१
३. मालपोत कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. ८२५ क्षेत्रफल ०-५-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...१
४. मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला सिसुवा गा.बि.स. वडा नं. ८ नक्सा सिट नं. ०९४११२७२ स्थित कि.न. ३७५७, ३७५९ र ३७३६ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-०-३-० र ०-१-३-० (रोपनी), ऐ.ऐ. वडा नं. ३ नक्सा सिट नं. ०९४१०८७४ कि.नं. १५३१५ क्षेत्रफल ०-४-२-३ (रोपनी), ऐ.ऐ. कन्धनीडाँडा गा.बि.स. वडा नं. ५, सिट नं. ०९४०९२४ स्थित कि.नं. ५१४ क्षेत्रफल ०-८-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
५. मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला रकुवा गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कि.नं. १५६७ को क्षेत्रफल १-०-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...१
६. मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १४ सिट नं. ०९४०९२२०५ स्थित कि.नं. १४० को क्षेत्रफल १६० (बर्ग मि.) र ऐ.ऐ. वडा नं. १४ सिट नं. ०९४०९६३१६ स्थित कि.नं. ५ को क्षेत्रफल ३०४ (बर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१
७. मालपोत कार्यालय लमजुङमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला रम्घा गा.बि.स. वडा नं. ७ नक्सा सिट नं. ७ स्थित कि.नं. ७५१ क्षेत्रफल ०-१३-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
८. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनरमानी गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. १७९००८०१७ स्थित कित्ता नं. २१९, २२० र २१० को क्षेत्रफल क्रमशः ८३.०० (वर्ग मी.), ७०.५० (वर्ग मी.) र १२.५० (वर्ग मी.) को घरजग्गा तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१
९. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनरमानी गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १८०००४२ स्थित कित्ता नं. ८५३, १७९५ र १५४७ को क्षेत्रफल क्रमशः २१७.६६ (वर्ग मी.), १२०.९७ (वर्ग मी.) र १५२४ (वर्ग मी.) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...१
१०. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनरमानी गा.बि.स. वडा नं. ३ नक्सा सिट नं. १७९००८००४ कित्ता नं. ७२, १०२३ र ११५६ को क्षेत्रफल क्रमशः ८५.०० (वर्ग मी.) को घरजग्गा, ५०.७९ (वर्ग मी.)घरजग्गा र ८०.४५ (वर्ग मी.) को जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...१
११. मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल गा.वि.स. वडा नं. ५, सिट नं. ५, स्थित कित्ता नं. क्रमशः २४३९, २४४०, २४९७ र २४९६, को क्षेत्रफल क्रमशः १-०-०-०, ५-०-०-१, ०-१४-१-० र १-९-३-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
मिति २०८२/१२/१५ गते आइतबार, कार्यालय समय भित्र ।

**बोलपत्र खोलिने मिति, समय र स्थान :**
मिति २०८२/१२/१६ गते सोमबार दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय, कर्जा असुली बिभाग, बबरमहल, काठमाण्डौ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बौद्ध शाखा, काठमाडौं महानगरपालिका, बौद्ध
सम्पर्क फोन: + ९७७-०१-४५९३१९२/९४

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री राजमान तामाङको नातिनी, सुकमान तामाङको छोरी, बागमती प्रदेश मन्थली नगरपालिका वडा नं. ६ बेनीघाट हाल गोकर्णेश्वर नगरपालिका वडा नं. ५, नारायणटार बस्ने ३१ वर्षको श्री तारा योन्जनको मिति २०८२/१०/२७ ई.सं. २०२६/०२/१० मा मृत्यु भएकोले स्व. तारा योन्जनको पति हाल गोकर्णेश्वर नगरपालिका वडा नं. ५, माकलबारी बस्ने श्रीमान हेमलाल तामाङले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बौद्ध शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

28 Years of Excellence
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
फतेपुर शाखा, सप्तकोशी नगरपालिका वडा नं. १ फतेपुर सप्तरी
सम्पर्क फोन: + ०३१५५००७२/८२

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

